का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक २१६

❐ ४ असोज २०७८, सोमबार

❐ 20 September 2021, Monday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।



इन्द्रजात्राको दिन बसन्तपुरबाट जीवित देवी कुमारी, गणेश र भैरवको रथ जात्राका क्रममा कुमारी माजु । तस्वीर: रत्न श्रेष्ठ, रासस

## सत्तामा नहुँदा मात्रै एजेण्डा !

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ असोज ।

तराई-मधेश केन्द्रीत दलहरुले यसपटक पनि संविधान दिवस विरोधका रुपमा मनाएका छन् । जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले विरोधमा मनाएका छन् । प्रदेश-२ को सरकारले नै यो दिनलाई विरोधका रुपमा मनाउने गरेका छन् ।

संविधानमा जारी हुँदा असहमति जनाएका यी दलहरुले विगत देखि नै संविधान दिवस मनाइरहेका छैनन् । यसपटक पनि विरोध कार्यक्रम कायमै राखेका छन् । मुख्यमन्त्री लालबाबु राउतले विरोधकै रुपमा मनाएका छन् । अर्का दल लोसपा अहिले विपक्षमा छन् ।

जबकी लोसपाका नेताहरु गएको संघीय सरकारमै सहभागी थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई साथ दिदै लोसपाका नेताहरु सरकारमा सहभागी भएका थिए । तराई मधेशको एजेण्डा चर्को रुपमा उठाउँदै आएका नेता राजेन्द्र महतोकै नेतृत्वमा सरकारमा सहभागी भएका थिए । जबकी यी दलहरुले उठाउँदै आएको माग पूरा भएको थिएन ।

तर ओली सरकारसँग सहभागी भए । अर्का दल जसपा पनि संघीय सरकारमा समेत सामेल थिए । ओली नेतृत्वको सरकारमा जसपाका अध्यक्ष उपेन्द्र यादव नै



यसवर्ष पनि तराई-मधेश केन्द्रित दलहरुले संविधान दिवस कालो दिनका रुपमा मनाएका छन् । जबकी यी दलहरू पटकपटक सरकारमा सहभागी भइसकेको छ ।

सहभागी थिए । त्यसबेला पनि उनीहरुले उठाउँदै आएको एजेण्डा सम्बोधन भएको थिएन । तर ओलीसँग असहमत रहँदै सत्ताबाट बाहिरिएका थिए ।

संविधानसभाबाट संविधान जारी भइरहँदा यी दल र नेताहरुको माग सम्बोधन नभएको तथ्य हो । यी दलहरुकै असहमति बीच संविधान जारी भएको थियो । आफ्नो माग सम्बोधन नहुँदा राजनीतिक एजेण्डा उठाउनु स्वभाविकै हो । तर सत्तामा पनि सहभागी हुने र अनि फेरि सत्ता बाहिर हुँदा चर्को आवाज उठाउनु पक्कै पनि दोहोरो चरित्र हो । अझ जसपा त नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारमा समेत सहभागी हुने तयारीमा छ । यस्तो दोहोरो मापदण्डले संविधानको अपनत्व माथि मात्रै प्रश्न उठ्नेछ ।

अझ सत्ताकै लागि गएको वर्षमा मात्रै एकता भएको जसपा विभाजित भएको थियो । ओली नेतृत्वको सरकारलाई साथ दिने वा नदिने विषयमा जसपा विभाजित भएको थियो । महन्थ ठाकुरले ओलीलाई साथ दिदै सरकारमा सहभागी भएका थिए भने यादव भने वर्तमान सरकारको पक्षमा उभिएका थिए । जस कारण मधेशकै एजेण्डा कमजोर बन्न पुगेको छ ।

## उमेर हदको अंकुश



**आभा शर्मा/मध्यान्ह**
काठमाडौं, ३ असोज ।

प्रमुख विपक्षी दल नेकपा एमाले दशौं महाधिवेशन केन्द्रीत छलफलमा केन्द्रीत भएको छ । आगामी मंसिर दोस्रो साता हुने महाधिवेशनको तयारीमा रहेको एमालेको स्थायी कमिटी बैठक आइतबार देखि शुरु भएको छ । स्थायी कमिटी बैठकले १५-१७ असोजमा हुने विधान महाधिवेशनको एजेण्डा तयार पार्दैछ ।

बैठकमा राजनीतिक प्रतिवेदन, सांगठानिक प्रतिवेदन र विधान संशोधन प्रतिवेदन छलफलका लागि पेश गरिएको छ । यी तीन प्रतिवेदन मध्ये विधान संशोधन प्रतिवेदनलाई चासोका साथ हेरिएको छ । किनकि, एमालेले नवौं महाधिवेशनबाट ७० वर्षे उमेर कार्यान्वयनमा ल्याएको छ ।

“ प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेकपा एमाले दशौं महाधिवेशन केन्द्रित छलफल तर्फ अग्रसर भएको छ । तर महाधिवेशनमा उमेर हद राखिने वा नराखिने भन्ने विषयलाई चासोका साथ हेरिएको छ । किनकि उमेर हद राखिएमा धेरै प्रभावशाली नेताहरुका लागि नेतृत्व होड चुनौती बन्नेछ ।

तर अध्यक्ष केपी शर्मा ओलीले गएको २८ फागुनको बैठकबाट यो व्यवस्था हटाएका थिए । आइतबार बसेको स्थायी कमिटी बैठकमा भने फेरि उमेर हद कायमै राख्ने प्रस्ताव ल्याइएको छ ।

यदि यो व्यवस्था कायम रहेमा अहिले नेतृत्वको दाबेदार मानिएका थुप्रै नेताका निम्ति यो अधिवेशन निर्णायक हुनेछ । किनकि उनीहरुले यसपटक अध्यक्षका लागि उम्मेद्वारी नदिएमा अर्को पटक उम्मेद्वार हुन पाउनेछैनन् । एमाले वृत्तमा अध्यक्ष ओलीले फेरि नेतृत्व दोहोर्‍याउने अनुमान गरेका छन् । ७० वर्षे उमेर हद कायम राख्दा पनि ओलीले आगामी मंसिरमा हुने महाधिवेशनमा उम्मेद्वारी दिन पाउनेछन् ।

त्यसो भएमा उमेर हदकै कारण अनुशासन आयोगका अध्यक्ष एवम् स्थायी कमिटी सदस्य अमृत बोहोरा लगायतले सक्रिय राजनीतिबाट विदा लिनुपर्नेछ । बोहोरा २००५ वैशाख १५ मा जन्मिएका हुन् । उनले आगामी मंसिरमा हुने महाधिवेशनमा उम्मेद्वारी दिन पाउनेछैनन् ।

यसपटक ओलीले फेरि नेतृत्वमा दोहोर्‍याएमा अहिले ७० वर्षको हाराहारीमा पुगेका नेताहरुले अबको ५ वर्षपछि विदा लिनुपर्नेछ । उपाध्यक्षहरु युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्य, महासचिव ईश्वर पोखरेल, सुवास नेम्वाङ,

बाँकी पृष्ठ २ मा

## नेपालको ऐतिहासिक जित

आईसीसी विश्वकप लिग टू अन्तर्गत दोस्रो सिरिजमा नेपालले ओमान माथि ऐतिहासिक जित हात पारेको छ ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ३ असोज ।

आईसीसी विश्वकप लिग टू अन्तर्गतको दोस्रो सिरिजमा ओमान विरुद्ध कप्तान ज्ञानेन्द्र मल्ले अर्धशतक प्रहार गरेपछि नेपालले ऐतिहासिक जित निकालेको छ । अमेरिका र ओमान सम्मिलित शृङ्खलामा नेपालले आफ्नो अन्तिम खेलमा सात विकेटले जितेको हो ।

१२२ रनको लक्ष्य पछ्याएको नेपालले १८.२ ओभरमा ३ विकेट गुमाएर भेट्टायो । ओपनर कुशल



भुर्तेल ६ रनमा आउट भएपनि कप्तान मल्ले अर्का ओपनर आसिफ शेखसँग दोस्रो विकेटका लागि ९५ रनको शतकीय साझेदारी गरे ।

कप्तान मल्लले ४६ बलमा ४ चौका र २ छक्का प्रहार गर्दै ५२ रन जोडे । ४४ बलमा सात चौका सहित ४० रनमा आउट भएका थिए । रोहित पौडेल ६ रन बनाएर आउट भए । टस जितेर फिल्डिङ गरेको नेपालका लागि करण केसी र सन्दीप लामिछानेले आक्रामक बलिङ गरे । केसी र लामिछानेले समान चार/चार विकेट लिए । ओपनिङ बलिङमा आएका करणले ओमानको ब्याटिङ लाइन भत्काएका थिए ।

केसीले ध्वस्त बनाएको ब्याटिङलाई सन्दीपले झनै धरापमा पारे । शरद भेषावकरले कसिलो बलिङ गर्दै अलआउट गराएका थिए । लिगको शीर्ष स्थानमा रहेको ओमान ३७.१ ओभरमा अलआउट भयो ।

बाँकी पृष्ठ २ मा

## मलेसियामा सुरक्षागार्डका समस्या र समाधानबारे व्यापक चासो

**रामप्रसाद सुवेदी संगम/मध्यान्ह**
मलेसिया, ३ असोज

नेपालबाट वैदेशिक रोजगारीका लागि मलेसिया जाने क्रम घटे पनि त्यहाँ कार्यरत नेपाली कामदारका समस्या भने दैनिकरूपमा बढिरहेको पाइएको छ । जनउद्धार केन्द्र मलेसियाले शनिबार क्वालालम्पुरमा आयोजना गरेको नेपाली सुरक्षागार्डका समस्या र तिनका समाधानका विषयमा अन्तरक्रिया मार्फत उक्त अवस्था सार्वजनिक भएको हो ।

मलेसियास्थित नेपाली दूतावासका श्रम काउन्सिलर दीपक ढकालले मलेसियामा हाल १ लाख ६० हजार नेपाली श्रमिक वैधानिकरुपमा काम गरिरहेको जानकारी दिँदै नेपाली श्रमिकहरुले समयमै तलब नपाउने, अनावश्यक रुपमा कटौती गर्ने, बिरामी पर्दा नहेर्ने, अस्पताल नलैजाने र अस्पताल बस्दाको समयमा तलब नदिनेलगायतका समस्या देखिएको जानकारी दिए ।

ढकालले मलेसिया सरकारले जारी गरेका बिदाहरु सँगसँगै कामदारले पाउने बिदासमेत नपाएको अवस्था देखिएको भन्दै त्यस्तो अवस्थामा र अस्पताल भर्ना हुँदाका अवस्थाको तलबसमेत काटेको खण्डमा दूतावासमा सम्पर्क गर्न आग्रह गरेका छन् ।

त्यस्तै ढकालले कामदारको पासपोर्ट कम्पनीले राख्न नपाउने प्रष्ट रहेको भन्दै पासपोर्ट माग्दा कम्पनीले नदिएमा पनि उजुरी गर्न आग्रह गरे । मलेसियाको कानून र श्रम सम्झौता विपरीत जाने कम्पनीको विषयमा कडारुपमा प्रस्तुत हुने भएकाले विना हिचकिचावट दुतावासमा सिकायत लेखाउन सकिने उनले बताए ।

उनले पछिल्लो समयमा मलेसियामा सेक्युरिटी गार्डको क्षेत्रमा अवैधानिक कामदारसमेत भर्ति गर्ने गरिएकोले अवैधानिक बन्ने नेपाली कामदारको संख्या पनि बढेको जानकारी दिदै अवैधानिक नबस्न बरु आवश्यक प्रक्रिया पूरा गरी नेपाल फर्किनसमेत नेपालीलाई अनुरोध गरे ।

गैर आवासीय नेपाली संघ मलेसियाका अध्यक्ष विनोद थापाले सुरक्षागार्ड मात्रै नभएर मलेसियाको हरेक क्षेत्रमा समस्या रहेको बताए । समस्यामा परेका श्रमिकहरुको समाधान गर्न आफुहरु लागिपरेको भन्दै उनले सेक्युरिटी क्षेत्रका कामदारहरु आफैं पनि अलि बढी सजग र सुरक्षित रहन आग्रह गरे । नेपालबाट आउने श्रमिकले पनि आफुले गर्ने काम, पाउने पारिश्रमिक लगायतका विषयमा बुझेर मात्रै आउन अनुरोध गर्दै उनले कुनैपनि समस्या आएको खण्डमा लुकाएर नबस्न र समयमै जानकारी गराउन आग्रह गरे । अध्यक्ष थापाले सम्बन्धित श्रमिकलाई अप्ठ्यारो पर्ने स्थिति आए पीडितको नाम गोप्य राखेर भएपनि समस्या समाधान गर्न गैर आवासीय नेपाली संघ लागिपर्ने आश्वासन दिए ।

कार्यक्रममा अधिकांश नेपाली श्रमिकहरुले सोचे अनुरुपको पारिश्रमिक नपाएको, स्वास्थ्य स्थितिमा

बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## इजरायल परीक्षा : १८६ जनाको तौल र उचाइ पुगेन

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा रोजगारीका लागि भएको अंग्रेजी भाषा परीक्षामा उत्तीर्णमध्ये १ सय ८६ जना कम तौल तथा कम उचाइका पाइएको बताएको छ । ४ हजार २ सय महिला र ५ हजार ४ सय ९९ पुरुष गरी ९ हजार ६ सय ९९ नेपालीले रोजगारीका लागि आवेदन दिएकोमा ७ हजार ९ जनाले अंग्रेजी भाषाको लिखित परीक्षा दिएका थिए । त्यसमध्ये २ हजार ३९ जना भाषा परीक्षामा उत्तीर्ण भएका थिए । विभागका निर्देशक तथा सूचना

बाँकी पृष्ठ २ मा

## मलेसियामा एक नेपाली कामदारको मृत्यु

**काठमाडौं/मस-** वैदेशिक रोजगारीको क्रममा मलेसियामा रहेका एक नेपाली कामदारको मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको छ । आइतबार बिहान करिब ४ बजेको समयमा सल्यानका गोविन्द खनालको मोटरसाइकल दुर्घटनामा परि घटनास्थलमै ठाउँको ठाउँ मृत्यु भएको हो । उनी अवैधानिक हैसियतमा कार्यरत रहेको सहकर्मीहरूले बताएका छन् ।

बिदा सकाएर चाडैं नै घर फर्किने तयारीमा रहेका खनालले त्यसको खुसीयालीमा शनिबार साथीहरुसँग खानपिन गरेर बिदा भएका थिए । अत्याधिक

बाँकी पृष्ठ २ मा

कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

PRO (Male/ Female) -5 Nos
अनुभव: कम्तीमा मेनपावर फिल्ड्मा ३ वर्षको अनुभव भएको ।

Accountant (Male/ Female) -2 Nos
अनुभव: सम्बन्धीत काममा दक्ष हुनुपर्नेछ ।

तलब आपसी सहमतिमा

SURKHET OVERSEAS PVT. LTD.
Gov. Lic No. 1219/074/075
सिनामंगल-९, काठमाडौं, नेपाल
फोन नं: ४४७३७०५, ४४९४४५७, मोबाईल: ९८०१०२६३९५
Email: infosurkhetoverseas@gmail.com, info@surkhetoverseas.com

# कञ्चनपुरमा मनाइयो संविधान दिवस सात जना कैदीबन्दीले पाए माफी



**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, ३ असोज

संविधान दिवसको अवसर पारी जिल्ला प्रशासन कार्यालय सहितका सरकारी कार्यालयमा सरसफाई गरिएको छ । जिल्ला प्रशासन कार्यालयसहित जिल्ला समन्वय समिति, अन्य सरकारी र स्थानीय सरकारका कार्यालयमा सरसफाई गरिएको हो ।

प्रशासन कार्यालयमा प्रमुख जिल्ला राम प्रसाद पाण्डेसहित कर्मचारीले कार्यालय प्राङ्गणमा सरसफाई गरेका छन् । सरसफाईका लागि कार्यालयका सबै कर्मचारीलाई निर्देशन दिइएको थियो ।

प्रमुख जिल्ला अधिकारी पाण्डेले कोरोना भाइरस संक्रमण महामारीका कारण संविधान दिवसमा कार्यालय प्राङ्गणमा सरसफाई र सरकारी कार्यालयमा दिपावली गर्ने कार्यक्रम मात्रै गरिने बताए । 'माथिको निर्देशन अनुसार शनिबारदेखि दिपावली मनाउन शुरु गरियो, यो सोमबारसम्म रहन्छ, अर्को कार्यालय प्राङ्गणमा सरसफाई गर्ने भन्ने छ, त्यस अनुसार सरसफाई गरिएको छ ।'

यसैबीच संविधान दिवसको अवसरमा कञ्चनपुर कारागारका सात जना कैदबन्दीले सजाय माफी पाएका छन् । विभिन्न अपराधमा कैद भुक्तान गरिरहेका ७ जना कैदी बन्दीहरुले राष्ट्रपति विद्यादेवी भण्डारीबाट कैद मिनाहा तथा माफी पाएका हुन् । ५० प्रतिशत कैद सजाय भुक्तान गरिसकेका कैदीको बाँकी कैद सजाय मिनाहा गरी रिहा गर्ने सरकारी नियम अनुसार आइतबार संविधान दिवसको अवसरमा कञ्चनपुर कारागारमा रहेका २ महिला र ५ पुरुषलाई कैद मिनाह गरिएको जेलर माया बस्नेत थापाले मध्यान्हलाई जानकारी दिइन् ।

कैद मिनाहा हुनेमा शिवराज भट्ट (कर्तव्य ज्यान), प्रेमसिंह भण्डारी (कर्तव्य ज्यान), रोहित आउजी (बहुविवाह), करिना विश्वकर्मा (बहुविवाह), माया चन्द पाल (बहुविवाह) र खुशीराम चौधरी (चोरी मुद्दा) रहेको उनले बताइन् । उनीहरुको बानीव्यवहार, अनुशासन चालचलन, र हनसहन सबै राम्रो भएमा कारागारका जेलर र प्रमुख जिल्ला अधिकारीले गरेको सिफारिसको आधारमा कैद मिनाह हुने व्यवस्था अनुसार उनीहरुको कैद मिनाह गरिएको जेलर बस्नेतले बताइन् ।

लागूऔषध, भ्रष्ट्राचार, मानव तस्कर, सर्वस्वसहित जन्मकैद र चेलीबेटि बेचविखन लगायत १९ प्रकारका गम्भिर मुद्दा हो । यी मुद्धामा ५० प्रतिशत कैद भुक्तान गरेपनि कैदीले आम माफी पाउँदैनन् ।

संविधानको धारा २७६ को फौजदारी कसुर ऐन, २०७४ र फौजदारी कसुर (कैद कट्टा)नियमावली, २०७६ को व्यवस्था अनुसार कैदी बन्दीको कैद मिनाहा गर्न सक्ने व्यवस्था छ । त्यसका लागि मन्त्रिपरिषद्ले राष्ट्रपतिसमक्ष सिफारिस गर्नु पर्छ । संविधानको धारा २७६ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७६ को दफा १५९ बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा कैदीको कैद मिनाहा गर्ने कानून रहेको छ ।

जिल्ला कारागार कञ्चनपुरमा अहिले २० जना महिला र ३ सय ८७ पुरुषसहित ४ सय ७ जना कैदीबन्दीहरु विभिन्न मुद्दामा जेल सजाय काटिरहेका छन् ।

# राष्ट्रिय जनमोर्चा दैलेखका अध्यक्षसहितका कार्यकर्ता एमाले प्रवेश



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, असोज ३

राष्ट्रिय जनमोर्चा कर्णाली प्रदेशका अध्यक्षसहितका सयौं कार्यकर्ता नेकपा एमालेमा प्रवेश गरेका छन् ।

नव प्रवेशीहरुलाई आइतबार काठमाडौंमा पूर्वप्रधानमन्त्री एवम् एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टी प्रवेश गराएका छन् ।

एमाले प्रवेश गर्नेहरुमा राष्ट्रिय जनमोर्चा कर्णाली प्रदेश अध्यक्ष भरतबहादुर शाही, दैलेख जिल्ला अध्यक्ष अम्बर बहादुर नेपाली, उपाध्यक्ष कविरराज खत्री, सचिव सुरतबहादुर रावत, सहसचिव नवीन भट्टराई, साल्लाहाकार संयोजक पुर्णबहादुर शाही तथा सदस्य ओम रावल लगायत छन् ।


## बहराइनमा रोजगार | कम्पनी : ASCON CONTROL W.L.L शहर: BAHRAIN

पुर्व स्वीकृत मितिः २०७८/०५/३० चलानी नं.: ६०१६३२११ L.T. No.: 245654

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BHD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Worker | 25 | 0 | स. काममा दक्ष | 100 | ३१,११३ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७८ असोज ११ गते (27 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SLC Pass अनिवार्य हुनुपर्नेछ ।

Al Taaz International Pvt. Ltd.
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102, 9801147158, 9801147202, 9801147203
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np


## उमेर...

भीम रावल, पुष्प कडेंल लगायत नेताहरु अर्को महाधिवेशनबाट विदा हुनेछन् ।

एमालेले नवौं महाधिवेशनबाट ७० वर्षे उमेर हद राखेको थियो । त्यही प्रावधानअनुसार, सिद्धिलाल सिंह र भरतमोहन अधिकारीले सक्रिय राजनीतिबाट विदा लिएका थिए । तर, ३ जेठ २०७५ मा माओवादीसँग पार्टी एकता गरेपछि भने उमेर हद हटाइएको थियो । त्यसबेला वामदेव गौतमको आग्रहमा यो प्रावधान हटेको थियो ।

## नेपालको ...

ओमानका कप्तान जिसन मक्सुदले सर्वाधिक ४१ रन जोड्न बाहेक अन्य ब्याट्सम्यान जम्न सकेन ।

१३ खेलबाट २० अंक जोड्दै शीर्ष स्थानमा रहेको ओमान विरुद्ध नेपालले ऐतिहासिक जित निकाल्दै नेपालको बरियता समेत सुधारिएको छ । अंक तालिकाको छैटौ स्थानमा रहेको नेपालले आठ खेलबाट आठ अंक जोड्दै चौथो स्थानमा उक्लिएको छ । नेपालले नामिबिया, यूएई र पपुवान्यूगिनीलाई पछि पारेको छ । नेपाल भन्दा माथि ओमान (२० अंक), अमेरिका (१४ अंक) र स्कटल्याण्ड (९) अंक छ । नेपालले दोस्रो सिरिजमा पनि दुई खेल गुमाएको छ भने दुई जितेको छ । ओमान र अमेरिकासँग एक/एक खेल पराजित भयो भने एक/एक खेलमा जित निकाल्यो ।

## मलेसियामा...

समस्या आउँदा पनि कम्पनीले बेवास्ता गरेको, करार अवधि सकिँदासमेत नेपाल फिर्ता हुन नपाएको, विभिन्न कारणले मृत्यु भएका श्रमिकका परिवारले मलेसियाबाट पाउनुपर्ने बीमा रकम प्राप्त नगराइएको, राजदूतावास मलेसियाको फोन नउठेको जस्ता धेरै विषयमा ध्यानाकर्षण गराएका थिए ।

नेपाली मजदुर एकता समाज मलेसियाका अध्यक्ष अर्जुन सिंह अनुरागीले पछिल्लो समय नेटवर्किङ व्यवसायको नाममा विभिन्न किसिमको प्रलोभनमा पारी सिधासाधा नेपाली श्रमिकमाथि प्रत्यक्ष वा अप्रत्यक्षरुपमा ठगी धन्दा चलाइरहेको घटनाक्रमलाई जोड दिँदै त्यस्ता क्रियाकलापहरु तत्काल रोक्न राजदूतावास मलेसियाको ध्यानाकर्षण गराए ।

केन्द्रका अध्यक्ष केशु थापाको अध्यक्षता भर्चुअल माध्यामबाट सम्पन्न कार्यक्रममा मलेसियामा सक्रिय संघसंस्था, राजनीतिक दलका भ्रातृ संगठनहरु, पत्रकार, समाजसेवी तथा नेपाली श्रमिक प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

## इजरायल...

अधिकारी कमल ज्ञवालीले भाषा परीक्षा उत्तीर्ण तथा तौल र उचाईको मापदण्ड पूरा गर्नेहरूको शुक्रबारदेखि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको व्यावसायिक सीप विकास प्रतिष्ठान भैसेपाटी ललितपुरमा तोकिएको उचाई र तौल सम्बन्धी मापदण्ड परीक्षण भएको हो । परीक्षणमा १ सय ८६ जना कम तौल तथा कम उचाइका पाइएका हुन् ।

इजरायलले लैजाने एक हजारमध्ये विभागले १ हजार ४ सय जनालाई उत्तीर्णको सूचीमा राख्ने बताएको छ । सूचीमा पर्नेमध्ये ७० प्रतिशत अर्थात ७ सय महिला र ३० प्रतिशत अर्थात ३ सय पुरुष लैजाने छ ।

इजरायल रोजगारमा छानिएका कामदारहरुले ५ वर्षसम्म काम गर्न पाउनेछन् । इजरायल जाने कामदारको न्यूनतम तलब १६ सय डलर झण्डै १ लाख ९० हजार नेपाली रुपैयाँ हुनेछ । लागत शुल्क भने १ लाख ६५ हजार रुपैयाँ तोकिएको छ ।

## मलेसियामा...

गतिका कारण मोटरसाइकल दुर्घटना भएको र मोटरसाइकलको पछाडिको सिटमा बसेका देवबहादुर मगर गम्भीर घाइते भएको जनाइएको छ ।

मृतक खनालको शव पोस्टमार्टमको लागी स्थानीय अस्पतालमा राखिएको र घाइते मगरको उपचार साहआलमा रहेको एक स्थानीय अस्पतालमा भैइरहेको जनाइएको छ ।

मलेसियामा नेपाली कामदारको मृत्यु बढिरहेको छ । त्यहाँबाट शनिबार एकैदिन २१ जना नेपाली कामदारको शव अस्तु आएको थियो । त्यसमा ६ जनाको शव र १५ जनाको अस्तु रहेको थियो । वैदेशिक रोजगारीका क्रममा उनीहरूको विभिन्न कारण मृत्यु भएको हो । परिवारको अनुमतिमा नेपालीको शव मलेसियामा नै अन्तेष्टि गरी अस्तु नेपाल ल्याउने गरिएको छ ।

## मल तत्काल उपलब्ध गराउन माग

**काठमाडौं/मस**-खाद्यका लागि कृषि अभियानले कृषकको लागि आवश्यक पर्ने मल तत्काल उपलब्ध गराउन सरकारसँग माग गरेको छ । अभियानका संयोजक उद्धव अधिकारीले आइतबार जारी गर्दै यस्तो माग गरेका हुन् ।

'सातौं संविधान दिवस मनाइरहँदा यसले प्रत्याभूत गरेको आम नागरिकको मौलिक अधिकारहरुका रक्षाको प्रश्न धेरै सान्दर्भिक भएको छ । एकातिर यो संविधान नै अपुरो र अधुरो रहेको गुनासो छ भने भने अर्को तर्फ यसको कार्यान्वयनका समस्या बग्रेल्ति रहेका छन् । यस सम्बन्धमा सविधानको धारा ५१ को (ङ) को किसानका अधिकारको व्यवस्थालाई लागु गर्न बनेको भू उपयोग ऐन र खाद्य आधिकार तथा संप्रभुता ऐन बनको भएता पनि यसको कार्यान्वयन भएको छैन । यसले सविधानकै उपहांश भएको छ' विज्ञप्तिमा भनिएको छ ।


## भूल सुधार

मिति २०७८/०६/०२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **कतारमा** रोजगार शिर्षक, **कम्पनी : ABRAJ LUSAIL CLEANING AND HOSPITALITY, चलानी नं.: ६०१६३३१६**, L.T. No.: 246003, को विज्ञापनमा **GEN CLEAN WORKER** को पदमा महिला २ संख्या हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

INTERNATIONAL JOB LINK PVT. LTD.
Govt. Lic. No.: 700/063/064
Bhimsengola-9 old Baneshor, Kathmandu,
Tel: 4585541, P.O. Box: 11412



## भूल सुधार

मिति २०७८/०६/०३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **UAE मा** रोजगार शिर्षक, **कम्पनी**: Etisalat Facilities Management Llc, **चलानी नं.:६०१६३३०२**, L.T. No.: 246092, को विज्ञापनमा अन्तर्वार्ता बसुन्धरा बैंक्वेट काठमाडौंमा, २०७८ असोज ११ गते (27 Sep. 2021) मा, होटल बरन्डा, इटहरीमा २०७८ असोज १२ गते (28 Sep. 2021) मा र बसुन्धरा बैंक्वेट, काठमाडौंमा २०७८ असोज १४ गते (30 Sep. 2021) मा पनि हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

STARIS HR SERVICES PVT. LTD.
श्रम इजाजत नं. १३२४/०७४/०७५
Samakhusi-26, Kathmandu, Tel.: 01-4381145, 4365203



## साउदीमा रोजगारको अवसर | कम्पनी: AARAK AL-SAFA CONTRACTING EST. शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०१/०७ चलानी नं.: ६०१५७६८९ LT. No.: 239256 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७८ असोज ११ गते (27 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Future Link International Pvt. Ltd.
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com



## कमल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## कमल, झापा
## १ नं. प्रदेश, नेपाल

## दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०६/०४** (20 Sept. 2021)

यस कार्यालयको आ.व. २०७८/०७९ को तपशील वमोजिमको स्वीकृत कार्यक्रम शीलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले सप्लायर्सले निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. तपशीलमा उल्लेख भएअनुसार दस्तुर (फिर्ता नहुने गरी) कमल गाउँपालिका कार्यालयको NMB Bank Kerkha, Jhapa शाखामा रहेको ग-१-१ कमल गाउँपालिका आन्तरिक राजश्व खाता नं. ०६४००५८१९६४०००१६ मा जम्मा गरेको भौचर साथ निर्माण व्यवसायी/कम्पनीहरूले व्यवसाय नवीकरण भएको ईजाजत पत्र, आय कर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७६/०७७ को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ठेक्का नं. १५ औं दिन (मिति २०७८/०६/१८ (4 Oct. 2021) दिन कार्यालय समयभित्र हार्डकपी मार्फत् कार्यालयबाट बोलपत्र खरिद गर्न सकिने छ ।
२. खरिद भएको दरभाउपत्र फारमहरू उल्लेख भएका सबै बिबरण रितपूर्वक भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिन (मिति २०७८/०६/१९ (5 Oct. 2021) गते दिउँसो १२:०० बजेसम्म कार्यालयमा दर्ता गर्नुपर्नेछ ।
३. दर्ता भएका दरभाउपत्रहरू सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।
४. दरभाउपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।
५. शिलबन्दी दरभाउपत्र फारमसाथ जमानत बापत तपशीलमा तोकिएको रकम यस कार्यालयको नाममा रहेको ग ३ कमल गाउँपालिका स्थानीय तह धरौटी खाता नं. ०६४००५८१९६४०००८१ मा रकम जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको ७५ दिन मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्ने छ ।
६. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । दरभाउपत्रमा प्रत्येक Itemwise दर अंक र अक्षर दुवै स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
७. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी कुनै कुरा जनाई वा नजनाई पूरा वा आंशिक रूपमा स्वीकृति गर्ने वा नगर्ने अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।
८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरू मान्य हुने छैन ।
९. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ ।
१०. यस सूचना कमल गाउँपालिका कार्यालयको **website – kamalmun.gov.np** मा समेत राखिएको छ ।
११. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ ।

**तपशील**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. (भ्याटबाहेक) | दरभाउपत्र जमानत रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | 10/KRM/078/079 | Supply and Delivery of Potato Seeds of Differnt Type | १६,१५,४०० | ४५,००० | रु. १,०००। |

**प्रमुख प्रशासकीय अधिकृत**

भक्तपुर डायरी

दिपेन्द्र श्रेष्ठ/मध्यान्ह

# च्याउ कृषक भन्छन्,‘नार्कले अनुसन्धानमा करोडौँ रुपैयाँ सकाउँछन्, हामीले आफ्नै पैसामा अनुसन्धान गर्नुपर्छ’



च्याउ भन्नसाथै मानिसहरु शाकाहारी सम्भन्छन् । मासुजन्य खानेकुरा नखाने अधिकांश मानिसहरुका लागि च्याउ एकदमै महत्वपूर्ण तरिकारी भित्र पर्छ । यसो भन्दैमा मांशहारी मानिसहरुले खाँदैनन् भन्ने चाहिँ होइन् । प्रायजसो सबैले उत्तिकै रुचाउँछन् च्याउ । यहि च्याउलाई नै आफ्नो व्यवसाय बनाएका एक युवक हुन आकाश ।

विदेशमा विभिन्न जातका च्याउ सुपको रुपमा पनि प्रयोग गर्छन् । त्यहि च्याउका धुलोहरुद्वारा निर्मित सुप नेपाली बजारमा पनि राम्रै खपत हुन्छ । तर नेपाली च्याउका पनि सुप पाउडर तयार पारेर बेच्ने हो भने नेपाली बजार राम्रै देखिन्छ ।

सानै देखि कृषि क्षेत्रमै निर्भर रहेका उनको परिवारै कृषक हुन साधारण किसानीले जीवन धान्ने क्षमता राख्ने उनी नगदेश ७ का स्थानीय हुन् । माटोमै खेलेर माटोमै हुर्किएका उनले कलिलो उमेरमै बुबा गुमाउनु पर्‍यो । बुबाको देहान्त पश्चात आफ्नै केहि गर्नुपर्छ भनेर लागेका उनी विगत १५ वर्षदेखि यहि पेसामा सक्रिय छन् । ५ लाख लगानीले यो पेसामा हात हालेका उनी पहिलो पटकमै लगानी डुबाएर ९ लाख ऋणमा परिणत गरे र पनि हार खाएनन् ।

तरकारी खेती आकाशको पुरानो पुर्ख्यौली पेशा हो । परम्परागत रुपमा उनका बुबा आमा लगायतका परिवारले विभिन्न मौसमी तरकारी उत्पादन गर्दै आइरहेका बेला आकाश पनि कृषिमा केही गर्न चाहन्थे । परम्परागत कृषिमा आधुनिक कृषिको समायोजनले परिवर्तन ल्याउन चाहन्थे । उनले २०५८ मा व्यवस्थापन संकायमा स्नातक सकाए । पुरै समय कृषिमा होमिन थाले ।

सानै उमेर तर उर्जाशिल, हरेक जोखिम उठाउन सक्ने आँट भएका उनी काठमाडौंको मुलपानीस्थित आठ रोपनी जग्गा भाडामा लिएर अर्गानिक गाँजर खेती सुरु गरे । गाँजर राम्रै फल्यो । राति नसुती प्याकेजिङ गरी अर्गानिक भन्दै कामदार राखेर असन, इन्द्रचोक, ठमेलका बजार पुर्‍याए । ‘अर्गानिक तरकारी खानुपर्छ’ भन्ने सन्देश पनि दिए । तर उपभोक्ताहरूले उनको कुरा सुनेनन् । उनको उत्पादन भने जस्तो विक्रि भएन । श्रम र लगानी मात्र खेर गयो । जसको कारण गाँजर खेती नै छोड्नुपर्‍यो ।

अर्गानिक उत्पादन गर्दा अर्गानिक मलले तरकारीको उत्पादकत्व कम हुने र ढिलो उत्पादन दिने कुरा बुझे । जुन खेती गरे पनि अर्गानिक नै गर्ने सोच थियो । गाँजर त बिकेन, अब कुन खेती गर्ने भनेर चिन्तित भएको बेला उनको दिमागमा च्याउ खेती आयो ।

विषादि प्रयोग गरिएको च्याउ चार महिनामा तयार हुन्थ्यो । अर्गानिक सात महिना हुँदा पनि भनेजति बढेन् । उनी भन्छन्, ‘तर जति ढिला भए पनि म सानैदेखि विषादियुक्त तरकारी उत्पादन गर्न चाहन्नथेँ । त्यसको फलस्वरुप आज यो स्थानमा भए ।’ विद्यालय तहका प्राय साथीहरु उच्च सपना देखेर डाक्टर, पाइलट, नर्स, इन्जिनियर आदि बन्ने सपना देख्दा उनी कृषकनै बन्ने सपना देखे । उनीहरूका अगाडि आकाशका सपना सबैलाई फिका लाग्थ्यो । तर, अहिले तिनै आकाश आकास छुनमै ब्यस्त छन् । उनको कृषि कर्म देखेर मानिसहरु दंग पर्छन् । उनले कृषि क्षेत्रमा नयाँ परीक्षण पनि गरिरहेका छन । नेपालमा प्रायः नामै नसुनिएका च्याउका प्रजातिलाई जगाउँदै बिउ समेत उत्पादन गर्छन । आकाशले उत्पादन गर्ने च्याउ धेरै प्रकारका छन् । कन्ये, गोब्रे, सिताके, ग्यानोडर्मा (रातो च्याउ) को त उनले व्यावसायिक खेती सुरु गरेको लामो समय भइसकेको छ । सिताके र ग्यानोडर्मा (रातो च्याउ) लाई काठको धूलोमा सफल उत्पादन समेत गरेका छन यो च्याउ प्राय काठका कुहिएका मुढामा फल्ने गर्दछ । त्यस्तै उनले यिनको बीउ पनि उत्पादन गर्न थालिसकेका छन र बिकी बितरण पनि गर्छन ।

यीबाहेक उनले गत बर्ष मात्रै नेपालमा पाइने १७ प्रजातिका यार्सागुम्बा मध्येको ‘ कोर्डिसेप्स मिलिटारिस’ को ल्याबमा सफल उत्पादन गरे । वर्षाको सिजनमा काठमाडौं उपत्यकाको जंगलमा उम्रिने यो च्याउबारे धेरैलाई थाहा थिएन । औषधीय गुणयुक्त यो च्याउको बीउ पनि बनाएका छन । ‘कोर्डिसेप्स एसपी’, ‘लायन्स मेन (हेरिसियम)’, ‘किङ ओएस्टर’ च्याउ लगायत नेपालमै पहिलोपटक ‘इसारिया जापोनिका’, ‘इसारिया सिकादा’ प्रजातिको च्याउको पनि सफल उत्पादन गरिसकेका छन ।

यो च्याउको जो कोहीले खेती गर्न चाहेमा बीउ सजिलै मसरुम सिड नेपालबाट न्युनतम मुल्यमा उपलब्ध हुन्छ । उनले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) सँग सम्वन्य गरी ‘इनोकिताके’ र ‘ माइटाके’ प्रजातिका च्याउको परीक्षण गर्दैछन । ‘यसको पनि परीक्षण सफल भएमा त्यसको बीउ नेपाली किसानलाई उपलब्ध गराई उत्पादन थालिने बताए ।’

नेपालको जंगलमा उम्रिएका थुप्रै औषधीयुक्त च्याउको महत्व थाहा नपाएर त्यसै कुहिएर गइरहेको बताउँछन । त्यस्ता च्याउलाई नास्ट संगको समन्वयमा अनुसन्धान गर्दै बजारमा ल्याउने प्रयास गरिरहेका छन् ।

जंगली च्याउ खाएर कतिपय मानिसहसहरु मरिरहेका बिषयमा कुरा गर्दा उनको अनुभबमा मुढामा फल्ने च्याउहरुमा एकैनासको च्याउ नफल्ने र बिभिन्न बोट बिरुवाका जराहरुको कारणले फरक फरक च्याउ फल्ने हुँदा अनुसन्धान नगरी नखान सुझाउँछन । साथै नेपाल राष्ट्रिय अनुसन्धान केन्द्रले (नार्क) यो बिषयमा अनुसन्धान थाल्नुपर्ने र अनुसन्धान पछि आएका रिपोर्ट स्थानिय स्तरमा जनचेतनाको रुपमा फैलाउनु पर्ने उनी बताउँछन् । नार्कले जतिपनि अनुसन्धान गरेकाछन् आफैँमा सिमित राखेर जनताको सुचनाको हकलाई उजागर नगरेको र ग्रामीण भेगमा विसाक्त च्याउ खाएर वर्षेनी मानिसहरु मर्ने तर नार्कले अनुसन्धान नगरी करोडौं बजेट सकाउने उनी आरोप लगाउँछन् । यहाँ हामीहरु आफ्नै खर्चमा अनुसन्धानरत छौं ।

गानोडर्मा (रातो च्याउ)

आकाशले परीक्षण गरेका प्रायः च्याउका अनुसन्धान सफल भएका छन । विश्वमा सञ्जिवनी वुटि भनेर चिनिने रातो च्याउलाई नेपालमा रङ रातो भएकोले रातो च्याउको नामले चिनिन्छ । यसको वैज्ञानिक नाम हो गानोडर्मा लिकिडम । यसलाई जापानमा रेयसी मसरुम भनिन्छ भने यसलाइ चीनमा लिङ्झी मसरुम भनिन्छ । जसको अर्थ चम्किलो छाला हो ।

धेरै थरि जडिबुटीमा पाइने औषधीय गुणहरु यस च्याउमा पाइने तर यसमा पाइने औषधिय गुणहरु अरु जडिबुटिमा नपाइने हुनाले यस रातो च्याउलाई जडिवुटीको राजा पनि भनिन्छ । यस औषधी गुणयुक्त च्याउमा मानविय शरीरलाई फाइदा पुयाउने ४०० थरी भन्दा वढीका सक्रिय तत्वहरु पाइन्छ । हालसालै गरिएका वैज्ञानिक अनुसन्धानहरु बात रातो च्याउको सेवनले कोरोना भाइरस संक्रमित बिरामीलाई फाइदा भएको तथ्य पत्ता लागे अनुसार रातो च्याउको नियमित सेवनबाट कोरोना भाइरस संक्रमित बिरामीहरुको उपचार पनि भइरहेको छ ।

हालै उनले ग्यानोडर्मा (रातो च्याउ) लाई प्रशोधन गरी पाउडर बनाएका छन् । उनी भन्छन् ‘यसलाई चियाको रुपमा सेवन गर्न सकिन्छ । यसले शरीरलाई धेरै फाइदा गर्छ । यसको माग धेरै छ, अब यो लेबल गरी बजारमा लैजान्छौँ ।’

रातो च्याउबाट हुने फाइदाहरु

-यो च्याउमा हुने विविध रसायनहरुले मानिसका कोषहरुमा क्यान्सर लाग्न नदिने वा भएको पनि हटाइ रोगबाट जोगाउँछ । अनावश्यक ट्युमर बढ्न दिँदैन, यस्ले क्यान्सरका कोषहरुलाई हटाइदिन्छ ।

-विभिन्न रोगहरुबाट सुरक्षित राख्नेः रोग प्रतिरोधीक्षमतामा वृद्धि गर्छ । भाइरसजन्य रोगहरु लाग्न नदिने कामगर्दछ

-मृटुको कोषहरुलाई हानी पुर्‍याउने रसायनहरुबाट सुरक्षा प्रदान गर्दछ । मुटुको धमनीलाई मजबुत बनाउँछ ।

-मधुमेहबाट सुरक्षित बनाउनेः च्याउमा हुने रसायनहरुले रगतमा चिनीको मात्रा घटाउन मद्दत गर्दछ ।

-च्याउमा भएको टोनिकहरुले शरीरमा उत्पादन हुने विकारहरुलाई हटाउने वा निष्कृय बनाउने काम गर्दछ । शरीरका कोषहरुको सुरक्षा गरी आयु बढाउने कार्य गर्दछ ।

- रक्तचापलाई सन्तुलन गरी उच्च रक्तचापको समस्यालाई नियन्त्रणमा राखी शरीरलाई स्वस्थ राख्ने कार्य गर्दछ ।

- मुटुको नलीमा कोलेस्टेरोल जम्मा हुने समस्या निराकरण गर्न उपयोगी छ ।

सामान्य च्याउ उत्पादनको तालिम लिएका उनले चार जना साथीसँग मिली २०६३ सालमा व्यवसायिक च्याउ खेतीको सुरुवात गरे । सुरुमा थोरै पोकामा कन्ये च्याउ उत्पादन सुरु गरे राम्रो उत्पादन देखायो । त्यसपछि उनीहरूले पोका बढाएर ११० पोका उत्पादन गरे तर यो ब्याच पहिले जस्तो भएन । यो सबै पोका बिग्रियो । किन बिग्रियो, कसरी बिग्रियो कसैलाई ज्ञान भएन । कुन ठाउँमा गल्ती भयो । कसैले पत्ता लगाउन सकेन । च्याउमा त नोक्सानी भयो नै यसले साझेदारीबाट पनि हात झिक्न बाध्य बनायो । ठूलो नोक्सान पुर्‍यायो । घाटा व्यवसायले आकासलाई छुट्याए । उनी एक्लिए । त्यतिञ्जेल आकाशले सहकारीबाट लिएको पाँच लाख ऋण बढेर ९ लाख पुगिसकेको थियो ।

उनले चयाउ खेतीमै भविष्य खोज्ने बिचार गरे । सबै सामान किनेर नयाँ सुरुवात गर्ने जमर्को गरे । ऋणमा चुर्लुम्म डुबेर पनि च्याउ खेती नछोडेको देख्दा धेरैले उनलाई भने, ‘च्याउ खेती गरेर यो मान्छे पागल भयो । बिग्रियो ।’ तर अरुका कुराले उनलाई पटक्कै छोएन । किनकी उनको आडमा परिवार उभिएको थियो । उनले हरेस खाएनन् । झन् नयाँ तरिकाबाट च्याउ खेती सुरु गर्ने जोस जाँगर निकाले ।

उनले उत्पादन गर्ने च्याउ कन्ये, गोब्रे, सिताके, गानोदर्मा (रातो च्याउ), कोर्डिसेप्स मिलिटारिस, कोर्डिसेप्स एसपी, लायन्स मेन (हेरिसिय), इसारिया जापोनिका, इसारिया सिकादा, इनोकिताके, माइटाके (परीक्षणको क्रममा), ‘किङ ओएस्टर आदी जातका छन् ।

सुरुमा चार सय पोका च्याउ राखेर सुरु गरेको व्यवसाय त्यसपछि आठ सय, हजार हुँदै अहिले उनको फार्ममा २० हजार भन्दा बढी च्याउका पोकाहरु छन् । ११ रोपनीमा फैलिएको फार्ममा १३ कामदार छन् । उनी भन्छन् ‘नेपालमा कुनै पनि व्यापार व्यवसायको ग्यारेन्टी छैन । च्याउ पनि चुनौतीले भरिएको एउटा पेशा हो । जति जोखिम लिन सकियो त्यति सिकिन्छ ।’

जिन्दगीमा सफल हुन जोखिम लिनुपर्दो रहेछ र त्यो सम्बन्धी पयाप्त ज्ञान हुनुपर्दो रहेछ । आकाश भन्छन् ‘प्राविधिक खेती भएकोले प्रविधिबारे जान्न सकियो र रोग किराको बारेमा बुझ्न सकियो । पेशा टिक्न सकिन्छ । सैद्धान्तिकसँगै व्यवहारिक ज्ञान र तालिमको पनि आवश्यक हुँदो रहेछ । नसिकीकन, नजानिकन, नबुझिकन । हात हाल्नु हुँदैन रहेछ । उनले यो अवधि सम्मको सिकाईमा यहि बुझे ।

व्यावहारिक तालिमले उनलाई सक्षम बनाउँदै लग्यो । धेरै व्यवहारिक ज्ञान बटुले । त्यसैले त उनी विभिन्न किसिमका च्याउ उत्पादन गर्न सफल भएका छन् । भनेको बेला बीउ नपाउने, पाएका बीउको पनि गुणस्तरमा समस्या भएपछि प्रयोगशालामा परीक्षण गरी कन्ये, गोब्रे, सिताके, रातो च्याउ लगायतको बीउ आफैले बनाउन सुरु गरे । अहिले बिउ बिजनै बेचेर लाखौँ कमाई हुन्छ ।

नेपालमा नामै नसुनिएका च्याउ पनि उत्पादन गरिरहेका छन उनले मसरुम सिड नेपाल र नेपाल-विज्ञान तथा प्रविधि प्रतिष्ठानसँग सहकार्य गरी अध्ययन गरिरहेका पनि छन् । च्याउ उत्पादन मात्रै नभई उनले यसलाई प्रशोधन समेत गर्न थालेका छन् ।

च्याउको बजारमा माग बढी हुँदा उत्पादन कम र उत्पादन बढी हुँदा माग कम हुने हुँदा व्यवस्थापनमा एकदमै गाह्रो हुने बताउँछन् । यस्तो अवस्थामा उत्पादन बढी भएको बेला कोल च्याम्बरमा राखेर बिक्रि गरिने र कोल च्याम्बरमा राखेर नि बेच्न सकिएन भने ड्रायरमा राखेर प्रशोधन गरी सुकाएर बेचिने उनी बताउँछन् ।

नेपालमा अत्याधिक पाइने कन्ये, गोब्रे च्याउ लगायत नेपालको मौलिक च्याउ होइन विदेशबाट आयातीत च्याउ हुन् । त्यसैले नेपाली र विदेशी च्याउमा हाइब्रिडेसन गर्ने सोचमा छन् । थुप्रै नेपाली च्याउ चिनेका छैनौँ धेरैभन्दा धेरै नेपाली मौलिक च्याउको अनुसन्धान गरी नेपाली साथै विदेशी बजारमा पुर्‍याउने ठुलो उद्देश्य बोकेका छन् ।

उपत्यकामा च्याउका जात मध्ये सबैभन्दा बढी कन्य च्याउको उत्पादन हुने हुँदा सिताकेको माग धान्न सकिरहेको छैन । कन्य च्याउ सजिलै उत्पादन गर्न सकिने र थोरै समयमा उत्पादन हुनेहँदा प्राय कृषकहरु पनि कन्य च्याउ तर्फनै आर्कर्षित देखिन्छ ।

उपत्यकामा सिताके च्याउको उत्पादन न्युन छ तर माग सबैभन्दा बढी छ । सिताके च्याउ उत्पादनको लागी काठको मुढा प्रयोग गर्नुपर्ने र उपत्यकामा त्यो त्यती सम्भब नभएको हुँदा केहि फर्म मात्र सञ्चालन भएको हुँदा उपत्यकाले माग धान्न नसकेको हो । उपत्यका भन्दा बाहिरी जिल्लामा काठ सस्तो हुने तथा किसानको आफ्नै खेत बारीमा भएका रुख काटेर त्यसमा फलाउन सकिने भएकोले यसको प्रमुख उत्पादन भनेकै ग्रामीण भेग भएको बताउँछन् ।

# अझै उठेन फोहर, मध्यपुरको ‘सफा सुन्दर हराभरा’ नारामा मात्रै सीमित

मध्यपुर ठिमी ३ नं वडा गट्ठाघरको पुलसँगैको फोहर अझै उठेको छैन । गत साउनमा यसै फोहरको समाचार मध्यान्ह राष्ट्रिय दैनिकले छापेको थियो । निषेधाज्ञा देखि नउठेको फोहर त्यतिकै थुप्रिदिँदा स्थानीय व्यापारीहरु बसिनसक्नु भैसक्यो तर नगरको लापरबाहीसँग कसैको केहि नलाग्ने स्थानीय व्यापारी रोहित यादब बताउँछन् । फोहर गन्हाएर बसिनसक्नु हुन्छ । राजा नभएको देश झैँ भएको छ’ ।उनी भन्छन् । उनका अनुसार निषेधाज्ञा हुनु अगाडि नगरको फोहोरको गाडी आएर उठाएर लैजान्थ्यो । अहिले धेरै भैसक्यो फोहोरको गाडी गुडेपनि फोहर उठाएर लैजाँदैन ।

फोहरकै छेउमा जुत्ता चप्पलका ब्यापार गरेर बस्ने मन्थलीका श्याम बहादुर तामाङ भन्छन्, ‘यहि बाटो हुँदै मेयर मदन सुन्दर ओहोरदोहोर गर्छन आफ्नो टोल छिमेकको वास्तै नगरी हिँड्छ । दिनभरी यहिं ब्यापार गरेर बस्ने उनी घाम लाग्दा फोहोर गन्हाएर बसिनसक्नु हुन्छ । झिङ्गा उतिकै भन्किन्छ । यहि फोहरले गर्दा अहिले उनलाई रुघा खोकी लागिरहेको छ’ उनी भन्छन् ‘के गरौं, व्यापार गर्नै पर्‍यो ।’



अर्का व्यापारी मिना राई ५, ६ दिन यहि स्थानमा व्यापार गरी बस्दा रुघा खोकीले थलिइन । उनको पनि गुनासो उस्तै छ ‘सडकमा फोहारको थुप्रो छ सबैले फोहर त्यहि फाल्छन् ।’ सड्ने, गल्ने, बाटोमा दुर्घटना भएर मरेको कुकुर, बिरालो, घरमा बढिभएको बासी भातहरु यहिं ल्याएर फाल्दा बसिनसक्नु गन्हाउँछ, यहाँ नगरपालिका छ भन्ने नाममात्र छ ।

वडाका अध्यक्ष प्रेम बहादुर कुटुले समाचार निस्केको केहि दिनमै फोहर उठाइदिने बचन दिएका थिए तर आजसम्म उठेको छैन । स्थानीय सरकार झन् बेमतलबी बन्दै आइरहेको छ । जनताले छिटो सेवा पाउनुपर्नेमा झन बेवास्ताले सिमा नाघ्दा जनतालाई झन सास्ती थपेको छ । मेयर मदन सुन्दर श्रेष्ठलाई यसबारे जानकारी दिन पटक पटक सम्पर्क गर्दा नचिनेको फोन नउठाउने विशेष सुत्रले बताए । जनप्रतिनिधिको यस्तो लापरबाही कहिले सम्म हो ? स्थानीय सरकार तलब भत्तामा मात्र केन्द्रित नभई स्थानीयको समस्यामा पनि ध्यान जान आबश्यक देखिन्छ ।

# सिद्धपोखरीमा गरियो दीपावली

भक्तपुरको प्रसिद्ध सिद्धपोखरीमा आइतबार साँझ दीपावली गरिएको छ । भक्तपुर नगरपालिकास्थित दूधपाटीको सिद्धपोखरीमा प्रत्येक वर्ष इन्द्रजात्राको साँझ दीपावली गर्ने गरिन्छ । स्थानीयको गुठीयार हरुको अगुवाईमा साँझ दीपावली गरिएको हो । पोखरीको चारैतिर तल र माथि गरी दुई तल्लामा लहरै दियो राखी दीपावली गरिएको छ ।

गुठीयारहरुले बताए अनुसार दिप प्रज्वलनको लागि झण्डै एक हजार तीन सय भन्दा वढी दियो आवश्यक हुन्छ । दीपावलीका लागि स्वय्मसेवकका रुपमा स्थानीय वडाबासी खटिएका छन । पोखरीमा प्रवेशको लागी सुरक्षा ब्यवस्था गरी स्वास्थ्य मापडण्ड अपनाई मात्र प्रवेस गराएका छन भने मनिसहरुको भिडलाई मध्यनजरगरी लाईनको ब्यवस्था गरिएको थियो ।

यसअघि खौमाबाट इन्द्रायणीको देवता पोखरीमा पुर्‍याइएको थियो । खौमामा रहेको इन्द्रयणीको देवतालाई खटमा राखेर बाजागाजा सहित आधा भक्तपुर नगर परिक्रमा गराई फेरी पोखरीमा



पुर्याइन्छ । रातभरी पोखरीभित्रै राखी भोलीपल्ट जात्रा सकेर मात्र फर्काइने छ ।

पोखरीमा पुर्‍याएको देवताको स्वागतार्थ दीप प्रज्ववलन गर्ने परम्परा रहिआएको छ । दीपावली हेर्न हजारौं भक्तपुरबासी पोखरी पुगेका थिए भने सिद्धपोखरी जिल्लाकै सबैभन्दा ठूलो पोखरी हो । भक्तपुर नगरमा सानाठूलो गरी ३४ पोखरीहरु छन ।

## सम्पादकीय

# सम्मानकै बदनाम !

कुनै पनि निकायले दिने मानसम्मान र पदवीले व्यक्तिको कामको मुल्यांकन गरेको हुन्छ । उसले विगतमा गरेका असल कामको आधारमा दिइने सम्मानले भविष्यमा पनि सत्कार्य गर्न प्रेरित गरेको हुन्छ, हुनुपर्छ । उसले पाएको सम्मान देखेर अरू व्यक्तिलाई काम गर्न उत्प्रेरणा जगाउने खालको हुनुपर्छ । तर, नेपालमा पछिल्लो समयमा सरकारले वितरण गर्ने गरेको मान पदवी र पदकको अवस्था भने फरक छ । राज्यले नै दोषी किटान गरेका, विभिन्न आरोपमा कारवाही भोगेका तथा सत्तारूढ पार्टीका नेता कार्यकर्ताका आफन्तहरूलाई हचुवाको आधारमा पदक तथा मानपदवी वितरण गर्ने गरिएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग वा प्रहरीले पक्राउ सूचीमा राखेका व्यक्तिलाई समेत पदक दिइएको भन्दै आलोचना भइरहेको छ ।

विगतमा झैं यसपटक पनि संविधान दिवसको दिन वितरण गर्ने घोषणा गरिएका पदक पाउनेहरूमा त्यस्ता विवादास्पद व्यक्तिहरू छन् । त्यहीकारण पदक पाउनेहरूको सूची सार्वजनिक हुनासाथ तीब्र विरोध देखिएको छ । पदक पाउने सूचीमा राखिएका कतिपय व्यक्तिहरूले त्यस्ता पदक नलिने घोषणा समेत गरेका छन् । पदक वितरणमा देखिएको यस्तो अवस्थाले पदकको गरिमालाई मात्रै घटाएको छैन, राज्यले कस्ता व्यक्तिलाई सम्मान दिनुपर्छ भन्ने बहस पनि सिर्जना गरेको छ ।

वास्तवमा राज्यले पदक दिंदा सयौंको संख्यामा होइन कि कुनै विधामा खास योगदान गरेका निश्चित व्यक्तिहरूलाई मात्र दिने गर्न`पर्छ । पदक वितरणको मूल मान्यता पनि त्यही हो । त्यसको लागि अहिले जस्तो हचुवाको आधारमा पदक दिने प्रवृत्तिलाई अन्त्य गरिनुपर्छ । देशकै लब्ध प्रतिष्ठित व्यक्तिहरूलाई छनोट समितिमा राखेर उनीहरूले गरेको मूल्याङ्कनको आधारमा पुरस्कार र मानसम्मान दिने व्यवस्था गर्न`पर्छ । तब पुरस्कार र मान पदवीको गरिमा रहन्छ । अन्यथा अहिलेकै जस्तैगरी हचुवाको आधारमा उच्च पदस्त व्यक्तिहरूका आसेपासे र विवादास्पद उद्यमी, व्यापारीलाई दिने हो भने त्यस्ता मान सम्मानको कुनै अर्थ र औचित्य रहंदैन । यो तथ्य बुझेर सरकारले आवश्यक कदम चाल्नु जरूरी छ । मान पदवी मुलुकको प्रतिष्ठासँग समेत जोडिएको विषय हो । व्यक्तिका निम्ति त यो उच्च तहको सम्मान हो । तर विवादास्पद व्यक्तिलाई समेत उच्च योगदान भएकाहरूसँग एउटै लहरमा उभ्याएर मान पदवी दिइदा समग्रतामै यसको बदनाम हुन पुग्दछ ।

## सामाजिक सञ्जाल



ऋण लिएर व्यवसाय गर्नेले २५ प्रतिशत कर तिर्नु पर्ने, महिना दिन काम गरेको तलबबाट ३६ प्रतिशत कर तिर्नुपर्ने तर, अवैधानिक तरिकाबाट कमाएको पैसालाई वैधानिक बनाउनलाई १० प्रतिशत कर तिरे पुग्ने ? संसारमै नभएको जात्रा नेपालमा । नेपालको कानून दैवले जानुन् भनेको हो रहेछ । जुन सरकार आए पनि कानै चिरेको । हे दैव ।

- **राधाकृष्ण कटवाल**



प्रायजसो नेपाली जनता यस मानेमा खुसी छन् कि ईमान्दार, कर्तव्यनिष्ठ, देशको सेवा गरेको, देशलाई आवश्यक र उत्कृष्ट व्यक्तिहरूले त्यो दक पाउनु भएनछ त्यसैमा । दु:खी यसकारण छन् नेपाली जनता की ५० डिग्रिको तापमानमा पसिना चुहाउँदै कमाएर पठाएको पैसाले त्यो करोडौंको पित्तलमा बिनासिती खर्च गर्यो ।

- **पुरूषोत्तम ढुंगेल**



संविधान र लोकतन्त्रको रक्षा गरेकोले आफ्नो अनुकुलको फैसला गर्ने न्यायाधीश लाई उपहारस्वरूप पदक रे? तर सरकारको यो कार्यकाल हेर्दा उनिहरू लाई पदकले पनि गिज्याइराको होला ! परमादेशी सरकारले आफ्ना निकटका लाई पदक दिने बाहेक अरू के नै पो काम गरेको छ र !

- **शैलेन्द्र थापा**



भारतमा पद्मश्री पाएकाहरूले नामको पछाडि पद्मश्री भनेर लेखेको देख्छु । हाम्रो देशले दिने मान पदवीलाई गर्वका साथ ग्रहण गर्ने र त्यसलाई नामसँगै जोडेर गरिमा राख्ने दिन कहिले आउला ? यस्तो पदवी पुरस्कार दिँदा सम्बन्धित मान्छेलाई अग्रीम जानकारी गराएर मात्रै सार्वजनिक घोषणा गरे हुन्न ?

- **उत्तमबाबु श्रेष्ठ**



विचरा पदकको कन्तबिजोग । कति सस्तो भएछ मान, पदवी, अलङ्कार । झण्डै ५० पत्रकारलाई सरकारले पदक दिने घोषणा गरेको घण्टा पनि नाघेको छैन, झण्डै दर्जनले नलिने घोषणा गरे । कद घटाउने, जनताको नजरमा हाँचो बनाउने पदक कसरी सिफारिस हुन्छ र किन दिन्छन्, यहीँ चै बुझ्न कठिन छ गणतन्त्रमा ।

- **जीवराम भण्डारी**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# निजामती सेवाका कुरा

निजामती प्रशासनकै साहाराले राष्ट्र निर्माण हुन्छ । नीति, योजना, कार्यक्रमहरू बन्छन् र लागु हुन्छन् । निश्चित पद्धति र एउटा प्रशासनिक संस्कृति बनेकै कारण राजनैतिक फेरबदल भए पनि राष्ट्रले आफ्नो काममा खासै समस्याको अनुभूति गर्दैन । जनमुखी, सकारात्मक र भ्रष्टाचारशून्य प्रशासनयन्त्रले मुलुकको दिगो र भरपर्दो विकास सम्भव हुन्छ ।



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

महालेखा परीक्षकको ५८ औं प्रतिवेदनले देशमा खबौं रकम बेरुजु देखाएको छ । स्थानीय तहमा पहिलेभन्दा बजेट खोला बाढी जस्तै बढेको छ, तर त्यो अनुपातमा दक्ष, अनुभवी कर्मचारीको अभाव छ । लामो समयपछि पनि कर्मचारी समायोजन प्रक्रिया अधुरो छ । ५० हजार लगभग कर्मचारीको त्यहाँ दरबन्दी नै रिक्त छ अहिले । देशका ३ सय ४३ स्थानीय तहमा अबौं रकमको गाडी खरीद, कानून विपरीत खर्च भएको, सेवा, सुबिधा बढाएको, जनप्रतिनिधिको खर्च अधिक बढेको, नेता र कर्मचारीले अवलोकन भ्रमण भन्दै रकम खर्चेका, पूँजीगत खर्चबाट चालु प्रकृतिका खर्च गरिएको, साडी, कुर्ता, ग्याँस, चूलो, मोबाइल वितरण, आगलागी नियन्त्रण भन्दै कसैले करोडौं रकम खर्चेका, सवारी भाडा, इन्धन, मर्मत खर्च, वार्षिक खरिद योजना बिना नै सामान खरीद भएको, सामाजिक सुरक्षा भत्तामा दोहोरो परेको, मृत्यु भइसकेकाका नाममा पनि खर्चेको, वस्तु र सेवा वितरणमा अनियमितता भएको भनेको छ, संस्थागत अनुदान नपाउनेभन्दा पनि वितरण भएको, आर्थिक चन्दा पुरस्कार वितरित भएको भन्ने विस्तृत चर्चा गर्दै प्रतिवेदन प्रस्तुत भएको छ ।

सरकारी सेवा प्रवाह गर्ने सबैभन्दा ठूलो संगठन निजामती सेवाको इतिहास ७ दशकको हुँदा पनि आलोचना मुक्त हुन सकेको छैन । यस सेवामा रहने कर्मचारीहरुको उमेर विषयलाई लिएर गत वर्ष संसदको सुशासन समितिमा बहस पनि शुरु भएको थियो । अझ भनौं निजामती सेवामा रहने कर्मचारीहरुको अनिवार्य उमेरको हद किस्ताबन्दीमा बढ्ने सिफारिससमेत भइसकेको कुरा छापाहरुमा आएका थिए । ४ किस्ता गरी ६/६ महिनामा उमेर हद बढाउँदै अनिवार्य उमेरको हद ६० वर्ष गर्न सहमति भएको चर्चा भएको थियो । पछि संसद नै अन्त्य भए पछि त्यो सेलायो, संघीय निजामती सेवा विधेयक अड्केकै छ लामो समयदेखि । ३० वर्षको इतिहासमा निजामती सेवामा के-के भए तिनको व्याख्या गर्न परेन तर, स्वदेशमै पनि शिक्षा, स्वास्थ्य, न्याय क्षेत्रमा उमेरको हद ५८ नभएको र अन्तर्राष्ट्रिय अभ्यासमा पनि यस्तो अभ्यास नभएकाले साविकको ६० वर्षे प्रावधान हटाइनुमा राजनैतिक स्वार्थभन्दा अरु केही नभएको स्पष्ट हुन्छ नै ।

> 30 वर्षको इतिहासमा निजामती सेवामा के-के भए तिनको व्याख्या गर्न परेन तर, स्वदेशमै पनि शिक्षा, स्वास्थ्य, न्याय क्षेत्रमा उमेरको हद ५८ नभएको र अन्तर्राष्ट्रिय अभ्यासमा पनि यस्तो अभ्यास नभएकाले साविकको ६० वर्षे प्रावधान हटाइनुमा राजनैतिक स्वार्थभन्दा अरु केही नभएको स्पष्ट हुन्छ नै ।



संशोधनको क्रममा रहेको निजामती सेवा ऐनको थप आलोचनाको विषय त के छ भने अवकाश पछिका कर्मचारीले सरकारको आलोचना गर्न नपाउने यदि गरेमा पेन्सन रोक्का गरिने प्रावधान थप गर्न लागेको देखिएको थियो । यसको अर्थ के हुन्छ भने सरकार कसैको आलोचना सुन्ने मनस्थितिमा थिएन । राजनैतिक प्रणालीहरु देशमा परिवर्तन भइरहे पनि निजामती प्रशासन स्थायी संयन्त्र हो । यो कुरा सरकारले बुझ्नु पर्ने हुन्छ । सबै विषयमा तत् तत् कानून हुँदा हुँदै निजामती सेवा खासगरी पेन्सन प्रयोजनमा यस्ता विषयहरु आउन खोज्नु भनेको कर्मचारीहरुलाई निवृत्त भएपछि पनि निवृत्त हुनु पूर्वझैं, पिन्जराको सुगाझैं बनाउन खोज्नु हो । एकातिर सेवा निवृत्त कर्मचारीहरु अनुभवले खारिएका हुन्छन्, उनीहरुको राय सुझाव सल्लाह सरकारलई मार्ग निर्देशन हुन सक्छ भने अर्कोतिर उनीहरु स्वतन्त्र भएकाले आफ्नो स्वतन्त्र राय दिन सक्छन् । लोकतान्त्रिक अभ्यास नै हो आलोचना, समालोचना यसले सार्वजनिक नीति विश्लेषण, नीति निर्माण एवं नीति कार्यान्वयनमा धेरै मद्दत पुग्न सक्छ । जहाँसम्म पेन्सनको कुरा छ त्यो उसले सक्रिय जीवनलाई राज्यप्रति, देशप्रति, सरकारप्रति समर्पण गरे वापत्, घर परिवारसमेत वास्ता नगरी आफ्नो जोस जाँगर, जवानी, तातो रगत सेवाप्रति समर्पित गरे वापत् पछिल्लो जीवन जसो तसो भए पनि चलोस् भनेर दिइएको सामाजिक सुरक्षा भत्ता जस्तै हो । विगतदेखि नै हाम्रो निजामती सेवाबाट राम्रो परिणाम लिन नसकिएको कारण पनि यस्तै कमजोर मनस्थितिले गर्दा हो । २०४९ सालमा कर्मचारी हचुवामै छटनी गर्दा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र उनको दलप्रति कर्मचारीहरु रष्ट भएका थिए, अनुभवी कर्मचारीको गला रेट्दा धेरै अदालत पुगे, थमौती पनि भए, तर पछि निराश बनाइयो उनीहरुलाई र धेरै अर्को दलको झोला बोक्न पुगे ।

> राजनैतिक प्रणालीहरु देशमा परिवर्तन भइरहे पनि निजामती प्रशासन स्थायी संयन्त्र हो । यो कुरा सरकारले बुझनु पर्ने हुन्छ । सबै विषयमा तत् तत् कानून हुँदा हुँदै निजामती सेवा खासगरी पेन्सन प्रयोजनमा यस्ता विषयहरु आउन खोज्नु भनेको कर्मचारीहरुलाई निवृत्त भएपछि पनि निवृत्त हुनु पूर्वझैं, पिन्जराको सुगाझैं बनाउन खोज्नु हो ।

हरेक सरकार परिवर्तन सँगै निजामती प्रशासनमा देखाइएको फरक धारणाले गर्दा हाम्रो निजामती सेवा कमजोर बनेको छ । कोरोनाकालमा त यो पूरै निष्कृय भइदियो । दर्जनौं पटक निजामती सेवा नियमावली परिवर्तन भइरह्यो गुट उपगुट र स्वार्थका कारण, राम्रो मान्छेभन्दा आफ्नो मान्छे टिप्ने मनसाय रहिरह्यो । कर्मचारीलाई पुनर्ताजगी तालीम आवश्यक हुन्छ र त्यसको नम्बर पनि जोडिनु पर्छ बढुवामा । तालीमले कामको क्षमता वृद्धि हुन्छ ।

बेलायतको एसेटन कमिटीले तालिमको महत्व यसरी पुष्टि गरेको छ : तालिमले व्यक्तिमा रहेको कमी कमजोरी हटाउँछ । व्यक्तिमा रहेको संकुचित सोंचमा परिवर्तनलाई व्यापक र उदार बनाउँछ । पेशागत इमान्दारीता बढाउँछ । नैतिक र उच्च मनोवल दिन्छ । सोंचाइमा स्पष्टता ल्याउँछ । कामप्रति निश्चितता ल्याउँछ । उच्च जिम्मेवारी बहन गर्न प्रेरित गर्छ । जब उत्तरदायी बनाउँछ, सक्षम र कुशल नेतृत्वको विकास हुन्छ । समस्याको समाधान, समूहको जिम्मेवारी बोध गराउँछ । काम गर्ने पद्धतिमा एकरुपता ल्याउँछ । समय र परिवेशअनुसार निर्णय लिने क्षमता बढाउँछ । तालिमले व्यवहारिक शिक्षा र ज्ञानको अभिवृद्धि गराउँछ । हाम्रो मुलुकमा यसरी भरपर्दो तालिम सञ्चालन गरेर हरेक क्षेत्रमा दरिलो संगठन व्यवस्थापन गर्ने सोंच गरिएन, राखिएन फलतः टालटुले पाराले देश चल्दै गयो, कर्मचारीको दायित्व नै पूरा भएन, तलब पकाउने काम मात्रै भयो, र त विभिन्न क्षेत्रमा आवश्यक पर्ने जनशक्तिको भरपर्दो तथ्यांक नै भएन जसका कारण आर्थिक विकासले गति लिन सकेन र बर्षेनी राज्यको खर्च खेर गयो, बेरुजु बढ्यो ।

राजनैतिक अभिप्राय र कुनै व्यक्ति र समूहको स्वार्थले मात्र निजामती सेवा ऐन, नियमावली संशोधन भइरह्यो तर, क्षमताको विकासका लागि विकासको प्रशासन र प्रशासनको विकासका लागि हुन सकेन । संघीयता कार्यान्वयन सँगै निजामती सेवा थप अन्योल बन्दै गएको छ । राजनैतिक, शैक्षिक, सामाजिक, आर्थिक, सांस्कृतिक, कुटनैतिक सबै क्षेत्रमा आवश्यक पर्ने मानव संशाधन, स्रोतको पहिचान, प्राविधिक जनशक्तिको उचित प्रबन्ध, चिकित्सिक, वकिल, शिक्षक, प्राध्यापक, वैज्ञानिक, इन्जिनियर, योजनाकार, प्रशासक एवं अन्य सीपयुक्त जनशक्तिको भरपर्दो तथ्यांक विना मुलुकको समष्टिगत समृद्धि सम्भव छैन । नेपालको सन्दर्भमा सामान्य किसानदेखि, मजदुरसम्मको यथार्थ जनशक्ति योजना विना सार्वजनिक विकासको आधारशीला नै तय हुन सकेन । सन्तुलित र क्षेत्रीय विकास, समाज विकास र समग्र राष्ट्रोत्थान हुन सकेन । हाम्रो सन्दर्भमा प्रादेशिक सन्तुलन छैन । दिगो विकासको लक्ष्य त झन् हावादारी बन्ला जस्तो छ ।

   ग) प्राविधिक तालिम वा व्यावसायक तालिम परिषद (सिटिईभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परिक्षा टिएसएलसी उत्तीर्ण गरेको।
   घ) नेपाली नागरिक हुनु पर्ने।
   ङ) करार सेवाको लागि कुनै पनि कानुनले अयोग्य नठहरिएको।
   च) उमेर अठार वर्ष पूरा भएर ४५ वर्ष ननाघेको।
   छ) साथै गरिबी निवारणका लागि लघु विकास निर्देशिका २०७७ को दफा ६ को खण्ड (क) बमोजिम योग्यता भएका, श्रम सूचना बैंकमा सूचीकृत भएका र अनुभव प्राप्त तथा स्थानीय व्यक्तिलाई प्राथमिकता दिईनेछ।

२. **दरखास्त दिने स्थानः** चंखेली गाउँपालिकाको कार्यालय, पिप्लाङ्ग, हुम्ला।
३. **दरखास्त दिने अन्तिम मितिः** २०७८ असोज १८ गते कार्यालय समय भित्र।
४. **आवेदन दस्तुरः** रु ५०० (पाँच सय)।
५. **आवेदन दस्तुर बुझाउने ठाँउः** यस गाउँपालिकाको राजश्व शाखा वा यस गाउँपालिकाको ग्लोबल आई.एम.ई बैंकमा रहेको **राजश्व खाता नं T३०४०१००००००७** मा बुझाउन सकिनेछ।
६. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन, लिखित परिक्षा र अन्तर्वार्ता।
७. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजात प्रतिलिपीहरुः
   क) नेपाली नागरिकता
   ख) न्युनतम योग्यताको लब्धाङ्ग प्रमाणपत्र
   ग) चारित्रिक प्रमाणपत्र
   घ) २ प्रति पासपोर्ट साइजको फोटो
   ङ) अनुभव सम्बन्धी कागजातहरु
८. **सेवा सुविधाः** स्थानीय सेवाको सहायक स्तर चौथो वा पाँचौ तह सरह
९. **पदले सम्पादित गर्नुपर्ने कार्य विवरणः** संघीय सरकारको गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ मा तोकिए बमोजिम हुनेछ।
१०. **प्रारम्भिक योग्यताको सूचि प्रकाशन र लिखित परिक्षा संचालन हुने मितिः** पछि प्रकाशन गरिनेछ।
११. लिखित परिक्षामा उत्तीर्ण गरि अन्तर्वार्तामा उपस्थित हुने उम्मेदवारले आफुले पेश गरेको कागजातहरुको सक्कल प्रती अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ।
१२. **सम्पर्क नम्बरः** ९८६८२५८२९३/९८६४००९८३४/९८४८०१०९१८

**नोटः** दरखास्त आवेदन फारम र अन्य जानकारी गाउँपालिकाको वेबसाईट chankhelimun.gov.np वा कार्यालय बाट उपलब्ध हुनेछ। सहभागीहरुले इमेल मार्फत दरखास्त दिन चाहेमा यश गाउँपालिकाको बैंक खाता **T३०७०१००००००७** मा राजश्व बुझाएको भौचर, शैक्षिक प्रमाणपत्रको प्रतिलिपी तथा दरखास्त फारम स्क्यान गरि कार्यालयको ईमेलमा पनि दिन सकिनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**


## कतारमा रोजगारको अवसर | कम्पनी : TADMUR ROOFS & POOLS W.L.L. शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७७/०९/२६ चलानी नं.: ६०१५४०९९ LT. No.: 235677 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 12 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 5 | 0 | | 1700 | ५४,७५७ | | | | | | | |

२. कम्पनी : TADMUR ROOFS & POOLS WLL शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७६/११/२९ चलानी नं.: ६०१५३३५८ LT. No.: 234750 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,९८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 3 | 0 | | 1700 | ५४,७७५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ रु. १०,०००/- क.नं. २ नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ११ गते (27 Sep. 2021) मा हुनेछ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Gulf Asia Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1278/074/075
Battisputali, Gaushala-09, Kathmandu, Nepal, Phone: 01-4495065
9823001406, 9823001407, Email : info@gulfasiamanpower.net

## UAE मा रोजगार | कम्पनी : EMIRATES PETROCHEMICAL SERVICES AND SCAFFOLDING EST शहरः DUABI

पुर्व स्वीकृत मितिः २०७८/०५/३१ चलानी नं.: ६०१६३३३१ L.T. No.: 245118

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1350 | ४३,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder Supervisor | 4 | 0 | | 3500 | १११,७५५ | | | | | | | |
| 3. | Scaffolding Foreman | 4 | 0 | | 2500 | ७९,८२५ | | | | | | | |
| 4. | Scaffolder Inspector | 4 | 0 | | 3500 | १११,७५५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ११ गते (27 September 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Gulf Manpower Services Pvt. Ltd.**
श्रम इजाजत नं. ०२३/०४८/०४९
Hattigauda, Kathmandu, Nepal, Tel: 01-4374395, 4379332, 4379333
Fax: 01-4435443, E-mail: gulf@mos.com.np, info@gulfmanpower.com.np
Website: www.gulfmanpower.com

## कतारमा रोजगारको अवसर | कम्पनी : ELECTROWATT शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/२० चलानी नं.: ६०१५९६४२ L.T. No.: 241984 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ११ गते (27 September 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**INTERNATIONAL JOB LINK PVT. LTD.**
Govt. Lic. No.: 700/063/064
Bhimsengola-9 old Baneshor, Kathmandu, Tel: 4585541, P.O. Box: 11412, Mob.: 9880983224
Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np

# बक्स अफिस समाचार

## अनमोल केसी, विष्णु माझीदेखि केकीसम्मलाई सरकारको पदक

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असोज

संविधान दिवसको अवसर पारेर नेपाल सरकारले नेपाली कला क्षेत्रमा योगदान पुर्याएका विभिन्न कलाकर्मीहरुलाई पदकबाट सम्मान गर्ने भएको छ।। राष्ट्रपति विद्यादेवी भण्डारीले कलाकर्मीहरुलाई मान पदवी, अलङ्कार र पदकद्वारा विभुषित गर्ने छिन्।

स्वरसम्राट नारायण गोपाललाई मरणोपरान्त महाउज्जल राष्ट्रदीप घोषणा गरिएको छ। यस्तै, भजन शिरोमणी भक्तराज आचार्य, गीतकार कालीप्रसाद रिजाल, कलाकार गौरी मल्ल, स्वर्गिय गायिका रानुदेवी अधिकारीलाई सुप्रबल जनसेवाश्री पदक प्रदान गरिएको छ। संगीतकार शम्भुजित बाँस्कोटालाई किर्तिमय राष्ट्रदीप पदक प्रदान गर्ने निर्णय सरकारले गरेको छ।

यस्तै, प्रवल जनसेवाश्री पदक कलाकारहरु रमेश बुढाथोकी, दीपाश्री निरौला, हेमन्त बुढाथोकी, नवल खड्का, प्रकाश घिमिरे, लोकदोहोरी गायकहरु चन्द्रप्रसाद शर्मा, कुलेन्द्र विश्वकर्मा, लोकगायिका विष्णु माझी, गीतकार कस्तुप पन्त, गायिका देविका प्रधानलाई प्रदान गर्ने निर्णय सरकारले गरेको छ।

जनसेवाश्री पदकबाट भने गायक हेमन्त शर्मा, प्रकाश सपुत, कलाकार केकी अधिकारी, अनमोल केसी, निर्देशक मिलन चाम्स, अमेरिकी नेपाली दोहोरी गायिका अन्ना स्टिर, कलाकार शिवशंकर रिजाल जोगिन्दर, नृत्यांगना तेरिया मगर, निर्माता राजकुमार राई, मैथिली कलाकार रञ्जु झा, गायिका राधिका हमाल, हाँस्य कलाकार कमल गाउँले, गायक नविन पौडेल, कलाकार सुजल बमलाई प्रदान गर्ने निर्णय गरिएको छ।







कला, साहित्य र संगीततर्फ विभूषित हुने सर्जकहरू

महाउज्जवल राष्ट्रदीप
स्वरसम्राट नारायणगोपाल गुरुवाचार्य

कीर्तिमय राष्ट्रदीप
संगीतकार शम्भुजित बास्कोटा

सुप्रबल जनसेवाश्री
कालीप्रसाद रिजाल (गीतकार)
भक्तराज आचार्य (संगीतकार)
गौरी मल्ल (कलाकार)

प्रबल जनसेवाश्री
स्व. मंगलकुमार उपाध्याय नेपाल (साहित्यकार)
स्व. श्यामदास वैष्णव (साहित्यकार)
शारदा शर्मा (साहित्यकार)
अजितकुमार शाह (चित्रकार)
चन्द्रप्रसाद शर्मा (दोहोरी गायक)
हेमन्त बुढाथोकी (गायक)
रमेश बुढाथोकी (कलाकार)
दीपाश्री निरौला (कलाकार)
कुलेन्द्र विश्वकर्मा (कलाकार)
देविका प्रधान (गायिका)
विष्णु माझी (लोकगायिका)
नवल खड्का (कलाकार)
प्रकाश घिमिरे (कलाकार)
कस्तुप पन्त (संगीतकार/गायक)

जनसेवा श्री
केकी अधिकारी (अभिनेत्री)
कमल गाउँले (हास्यकलाकार)
अनमोल केसी (अभिनेता)
प्रकाश सपुत (गायक)
हेमन्त शर्मा (गायक)
महेशप्रकाश हाडा (नृत्यकार)
नवीनकुमार पौड्याल (गायक)
तेरिया फौजामगर (नृत्यांगना)
राजकुमार राई (कलाकार)
शिवशंकर रिजाल (कलाकार)
रञ्जु झा (मैथिली कलाकार)
राधिका हमाल (गायिका)
अन्ना (अमेरिकन नेपाली दोहोरी गायिका)
मिलन चाम्लिङ राई (मिलन चाम्स) (चलचित्र निर्माता तथा निर्देशक)
रामबहादुर गुरुङ (साहित्यकार)
सुजल बम (कलाकार)

## छायांकन सेटमै अस्ताए रमेश केसी

**काठमाडौं/मस-** दिग्गज हास्यकलाकार रमेश केसी उर्फ मट्टारेको निधन भएको छ। मट्टारे उपनामले चर्चित ६९ वर्षीय कलाकार केसीको आइतबार निधन भएको नेपाल चलचित्र कलाकार संघका अध्यक्ष रविन्द्र पुष्टि गरे। पछिल्लो समय 'हर्के हवल्दार' टेलिशृङ्खलामा रहेका उनी सोही टिमले बनाउन लागेको म्युजिक भिडियोको छायांकन सेटमा हुँदा अचानक निधन भएको हो।



'उहाँको हर्के हवल्दार टिमको निर्माणमा बन्न लागेको म्युजिक भिडियोका लागि धर्मस्थलीमा हुँदा अचानक निधन भएको हो। आफ्नै बाइकमा छायांकन स्थल पुगेर टिमसँग बसेर चिया खाँदै गर्नुभएको केही मिनेटमै एक्कासी ढल्नुभएछ। पछि अस्पताल लगिएछ। त, चिकित्सकहरूले उहाँको पहिले नै निधन भएको पुष्टि गरेछन्,' अध्यक्ष खड्काले भने बताए।

नाचघरम सँगै काम गरेर विभिन्न स्टेज सोहरू सेयर गरेका खड्का उनलाई एक असल र अब्बल अभिनय क्षमता भएका सहकर्मीको रूपमा सम्झिन्छन्। लामो समयदेखि मुटुसम्बन्धी रोगले ग्रसित उनलाई केहीदिनदेखि सामान्य खोकी पनि लागिरहेको थियो।

'अत्यन्तै अकल्पनीय दुखद खबर, केही बेर अगाडि वरिष्ठ कलाकर्मि श्री रमेश केसी 'मट्टारे' ज्यूले यो संसार त्याग्नु भएको दुःखद खबरले हामीलाई मर्माहत तुल्याएको छ, भावपूर्ण श्रद्धाञ्जलीका अर्पण गर्दै, आत्माको चिरशान्तिको कामना!,' अध्यक्ष खड्काले लेखेका छन्। कुनै समय टेलिशृङ्खला र चलचित्रको पर्दामा पातलो तर अब्बल सेन्सर ह्युमरका कारण उनी दर्शकको प्रिय हास्यकलाकार बनेका थिए।

## शिव, भुवन र गौरीको छमछमी

**काठमाडौं/मस-** निर्देशक शोभित बस्नेत निर्देशित फिल्म 'डाँडाको वरपीपल' को यही असोज २६ गते (घटस्थापना) लाई प्रदर्शन मिति घोषणा गर्दै पहिलो गीत सार्वजनिक भएको छ। आइतवार राजधानीमा एक कार्यक्रमका बीच फिल्मको 'काट्दिम्ला जुँगा जम्मै' बोलको गीत सार्वजनिक गरिएको हो। गीतमा स्वर्गीय खेमराज गुरुङ र गायिका रिमा गुरुङ होडाको स्वर रहेको छ।

उमंग लामा र केशव चौलागाईंको शब्द रचना, उमंग लामाको संगीत रहेको गीतको भिडियोमा अघिल्लो पुस्ताका तीन सुपरस्टार शिव श्रेष्ठ, भुवन केसी र गौरी मल्लले एकसाथ ठुम्का लगाएका छन्। रामजी लामिछानेले कोरियोग्राफी गरेको गीतको भिडियोमा सलोन बस्नेत, रुविना थापा, विनोद न्यौपाने, राजीवजंग बस्नेत लगायतको पनि नृत्य छ। गीतको अडियो र भिडियो पक्ष बलियो छ।

चित्लाङ वरपर छायांकन भएको यस फिल्ममा अस्मिता जुरेली, हिउँवाला गौतम, उतम केसी, संगम भण्डारी, सुशान्तकुमार श्रेष्ठ, प्रभात पल, अस्मी थापा, प्रदीप गिरी, ज्ञानकुमार कट्टेल लगायतका कलाकारको पनि अभिनय छ।

## 'कमेडी च्याम्पियन २'को उपाधि भरतमणिलाई



**काठमाडौं/मस-** लोकप्रिय स्टयान्ड अप कमेडी रियालिटी शो 'कमेडी च्याम्पियन' सिजन २ को उपाधि भरतमणि पौडेलले जितेका छन्। शनिबार राती भएको ग्राण्ड फिनालेमा ताप्लेजुङका पौडेलले सबैभन्दा बढी भोट पाएर 'कमेडी च्याम्पियन २'को उपाधि जितेका हुन्।

उपाधिसँगै उनले कार र २५ लाख रुपैयाँ पुरस्कार जितेका छन्। विभिन्न चरण हुँदै भरतमणिसँगै सिक्किमका विक्की अग्रवाल र गोरखाका सन्तोष थापा फाइनलमा पुगेका थिए। उपाधि जितेका भरतमणि पूर्व सञ्चारमन्त्री गोकुल बास्कोटाको क्यारिकेचर गरेपछि दर्शकको 'नोटिस'मा परेका थिए। त्यस्तै उनले सेमिफाइनलमा पूर्व युवराज पारस शाहको क्यारिकेचर गरेका थिए। जुन प्रस्तुतीबाट निकै तारिफ पाएका थिए। उनी 'कमेडी च्याम्पियन'मा सात पटकसम्म 'पर्फर्मर अफ द राउण्ड' बनेका थिए।

विशाल भण्डारीले निर्देशन गर्ने 'कमेडी च्याम्पियन' कान्तिपुर टीभी र युट्युब च्यानल 'ओएसआर रियालिटी'बाट प्रशारण हुँदै आएको थियो। यसको पहिलो सिजनबाटै निर्णायकमा हास्यकलाकार सन्तोष पन्त, मनोज गजुरेल, अभिनेत्री ऋचा शर्मा र चलचित्र निर्देशक प्रदीप भट्टराई थिए भने शोलाई रीमा विश्वकर्माले होस्ट गर्दै आएकी थिइन्।

## 'घिन्ताङ'को छायांकन शुरु

**काठमाडौं/मस-** निर्देशक दीपक श्रेष्ठले सात वर्षपछि निर्देशनमा कमब्याक गरेको फिल्म 'घिन्ताङ' को छायांकन शुरु भएको छ। किस्ताबन्दीको कोरोना महामारी र लकडाउनका कारण छायांकनमा जान नसकेको यो फिल्म शुक्रवारबाट फ्लोरमा निस्किएको हो। पनौतीको खोपासी गाउँमा पहिलो सेड्युलको छायांकन हुने निर्देशक श्रेष्ठले जानकारी दिए।

फिल्ममा अभिनेता गौरव पहारी र अभिनेत्री केकी अधिकारी मुख्य भूमिकामा छन्। सुटिङ सेटबाट बाहिरिएको एक तस्बिरमा उनीहरुलाई भिन्न लुक्स र गेटअपमा देख्न सकिन्छ। श्रीमतीको निधनपछि एकल जीवन विताइरहेका दलित समुदायका धने (गौरव) र श्रीमानको निधनपछि एक्ली भएकी बाहुन समुदायकी लक्ष्मी (केकी) बीचको प्रेम सम्बन्धको कथालाई फिल्मलाई देखाइनेछ।


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७८/०६/०४**

यस **मेड्रिक फर्मास्यूटिका प्रा.लि.**को नाम परिवर्तन गरी **कि फर्मास्युटिकल्स प्रा.लि.**बनाउने र **मेड्रिक फर्मास्यूटिका प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनी (**कि फर्मास्युटिकल्स प्रा.लि.**)ले सकार्ने व्यहोर्ने निर्णय गरी स्वीकृतिका लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरिएकोमा कम्पनी रजिष्ट्रारको कार्यालयले मिति २०७८/०५/२७ गते कम्पनीको नाम **कि फर्मास्युटिकल्स प्रा.लि.**बनाउने स्विकृती दिएकोले यस कम्पनीको नाम परिवर्तन भई कि फर्मास्युटिकल्स प्रा.लि.कायम भएको व्यहोरा जानकारी गराईन्छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०६/०४**

यस कम्पनीको मिति २०७८/०५/२६ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम साविकको कम्पनीको नाम **खास्ती डेरी एण्ड ट्रेडिङ्ग प्रा.लि. (प्रा.लि. दर्ता नं.२३५९०१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/३० को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **खास्ती मल्टी ट्रेडिङ्ग प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५९/०९/०८ मा दर्ता भएको **प्रा.लि. नं. २२०८३/०५९/०६०** को **कृति इन्टरनेशनल प्रा. लि.**को मिति २०७७/१२/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
**लिक्विडेटर: सुनिल रजौर, इजाजतपत्र नं. ३८९**
**ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१३०१५५५**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०४/१६ मा दर्ता भएको **प्रा.लि. नं. २२०१२३/०७६/०७७** को **ड्रिम्स कम ट्रु फेसन हाउस प्रा. लि.**को मिति २०७८/०६/०१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना
**लिक्विडेटर: चक्र बहादुर थापा, इजाजतपत्र नं. ४५९**
**ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१०८२१५५**

### कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि. (श्रम इजाजत पत्र नं. ८१८/०६६/०६७)** मा **Chief Administrative Officer** पदमा कार्यरत शारदानगर, वडा नं. ४, चितवन स्थायी घर भएको **सचिन अधिकारी (ना.प्र.नं.: ३५१०३७/५०९)** लाई मिति २०७८/०६/०४ देखि यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन।

**सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.**
Gov.Lic. No. 818/066/067
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोन: ५९०४०५८
Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com

### संस्थाको ठेगाना परिवर्तन सम्बन्धी सूचाना

मिति २०७८/०५/०१ गतेका दिन **पानी उद्योग तथा वाणीज्य बहुदेश्यीय सहकारी संस्था लिमिटेड**को वार्षीक साधारण सभामा श्री धर्मनन्द श्रेष्ठको अध्यक्षतामा बसेको साधारण सभाको भेलाले प्रस्तावीत नं. ३ मा छलफल गर्दा यस संस्थाको सावित संस्थाको कार्यक्षेत्र काठमाण्डौ नगरपालिका भरि विस्तार गर्ने र संस्थाको दर्ता **कामनपा वडा नं. १० बानेश्वर** बाट **कामनपा वडा नं. १३ कालिमाटी**मा सरेकोले सम्बन्धीत निकाय साधारण सदस्यहरुलाई जानकारी गराउँन चाहन्छौं।

**धर्मनन्द श्रेष्ठ**
**अध्यक्ष**
**पानी उद्योग तथा वाणीज्य बहुउद्देश्यीय सरकारी संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय कालिमाटी, काठमाडौं**

Government of Nepal
Ministry of Industry, Commerce and Supplies
**Nepal Intermodal Transport Development Board**

**Invitation for Sealed Quotation**

(Date of Re-Publication: 2078/06/04)


1. Nepal Intermodal Transport Development Board (NITDB) invites sealed quotation from eligible suppliers for the following:

| S. N. | Particulars | Cost of bidding Document (NRs.) | Bid Security (NRs.) | Last Date of Purchase of Sealed Quotation | Last Date of Submission of Sealed Quotation | Opening Date of Sealed Quotation |
|---|---|---|---|---|---|---|
| i. | Procurement of Supply and Delivery of Scooter-4 nos. and Motorcycle-1 no. (NITDB/SQ/GP-01(2078/079)) | 1,000.00 | 30,000.00 | 2078/06/18 B.S. Time 17:00 Hrs | 2078/06/19 B.S. Time 12:00 Hrs | 2078/06/19 B.S. Time 14:00 Hrs |
| ii. | Supply and Installation of Rolling Shutters at Kathmandu ICD Warehouse (NITDB/SQ/GP-02(2078/079)) | 1,000.00 | 35,000.00 | 2078/06/18 B.S. Time 17:00 Hrs | 2078/06/19 B.S. Time 12:00 Hrs | 2078/06/19 B.S. Time 13:00 Hrs |

2. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Agricultural Development Bank Ltd. Maitidevi,Kathmandu.
Name of the Office: Nepal Intermodal Transport Development Board.
Account no: 0211300144668014
3. For sealed quotation document and more information please contact NITDB office, Kupondole, Lalitpur, Nepal (Tel.: 01-5550236) website: www.nitdb.gov.np

# संविधान दिवस : खेलाडी र खेलकर्मी सम्मानित





**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असोज

नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान ज्ञानेन्द्र मल्ल र राष्ट्रिय फुटबल टिमका कप्तान किरण चेम्जोङलाई संविधान दिवसको अवसरमा प्रवल जनसेवा श्रीबाट विभुषित गर्ने भएको छ।

संविधान जारी भएको अवसरमा सरकारले विभिन्न ९०३ जनालाई सम्मान गर्दा क्रिकेटका कप्तान मल्ल र फुटबलका कप्तान चेम्जोङको नाम प्रवल जनसेवा श्रीबाट सम्मान गर्ने राष्ट्रपतिको कार्यालयले आइतबार सार्वजनिक गरेको सूचीमा उल्लेख गरिएको छ।

भदौ २९ गतेको मन्त्रिपरिषद् बैठकले उनीहरुको सूची राष्ट्रपति कार्यालयमा पठाएपछि संविधान दिवसको अवसर पारेर सार्वजनिक गरिएको हो।

उनीहरुले उक्त सम्मान आगामी बैशाख १ गते विशेष समारोहकाबीच ग्रहण गर्ने छन्।

यसैगरी, नेपाल क्रिकेट संघ क्यानका अध्यक्ष चतुरबहादुर चन्द, तेक्वान्दो खेलाडी आयशा शाक्य, तोक्वान्दोका विदेशी प्रशिक्षक वान योङ डाललाई जनसेवा श्रीबाट विभुषित गर्ने भएको छ। पारा खेलाडीद्वय हिमाल अर्याल र केशव थापा पनि जनसेवा श्रीबाट विभुषित हुने सूचीमा रहेका छन्।

सुकीर्ति पदबाट कराते खेलाडी अनु अधिकारी, ब्याडमिन्टन खेलाडी दीपक थापा, तेक्वान्दो प्रशिक्षक नर्वु लामा, पावर लिफ्टिङ खेलाडी प्रकाश केसी र खेल आयोजकको तर्फबाट उत्तम न्यौपाने विभुषित भएका छन्।

# शेरबहादुर खड्का स्मृति प्रतिष्ठानलाई पदक

**काठमाडौं, मस-** संविधान दिवस २०७८ को अवसरमा सम्माननीय राष्ट्रपतिबाट शेर बहादुर खड्का स्मृति प्रतिष्ठान सम्मानित हुने भएको छ। आज घोषणा गरिएको पदबि बैशाख १ गते वितरण हुने छ।


नेपाली खेलकुद विशेष गरि राष्ट्रिय खेल महिला भलिबलको विकास र विस्तारमा पुर्‍याएको योगदानको कदर गदै प्रतिष्ठान जन सेवाश्री पदकले राष्ट्रपतिबाट विभूषित भएको हो। प्रतिष्ठान स्थानपना काल २०७० सालदेखिनै खेलकुद र सामाजिक कार्यमा सक्रिय रहदै आएको छ।

प्रतिष्ठानले लगातार पाँचौ संस्कार सम्म राष्ट्रिय महिला भलिबल सम्पन्न गरि सकेको छ। खेलाडी तथा प्रशिक्षक सम्मानमा पनि प्रतिस्ठानले आफ्नो महत्वपूर्ण सहभागिता जनाउदै आएको छ। शेरवहादुर खड्का स्पेशल आवार्डबाट राष्ट्रिय महिला खेलाडीलाई आर्कषक नगद पुरस्कार सहित प्रतिष्ठानले एक महिला खेलाडीलाई प्रत्येक बर्ष सम्मान गदै आएको छ। यस बर्ष पनि नेपाली महिला भलिबल टिमकी कप्तान अरुणा शाहिलाई नगद ५० हजारले यहि हप्ता सम्मान गर्ने कार्यक्रम रहेको छ। प्रतिष्ठानले ६ जना महिला खेलाडीलाई छात्राबृत्ति प्रदान गदै आएको छ। प्रतिष्ठानले यस बर्ष राष्ट्रिय महिला भलिबलको छैटौं संस्करण माघ महिनामा आयोजना लक्ष्य राखेको प्रतिष्ठानले जानकारी गराएकोछ।तत्कालीन बालकोट गाउँ पञ्चायतमा लगातार १५ वर्ष प्रधान पञ्च हुदै नेपाल किसान संगठनको भक्तपुर जिल्ला अध्यक्ष समेत भएर बालकोटको पुलपुलेसो-बाटोघाटो,विद्यालय, बिजुलीबत्ती, खानेपानी लगायतका विकासको पूर्वाधार निर्माण महत्वपूर्ण भूमिका निर्वाह गरेका स्वर्गिय खड्काकी धर्मपत्नी गमली खड्का संरक्षक रहेकी छिन्। उनका सुपुत्र भलिबलका राष्ट्रिय खेलाडी तथा बैंकर प्रतिष्ठानका अध्यक्ष रञ्जन खड्काले प्रतिस्ठानको गतिविधिमा महत्वपूर्ण भूमिका निर्वाह गदै आएका छन्।

# रत्नजित, प्रिन्स र प्रफुल प्रि–क्वाटरफाइनलमा







**ललितपुर/मस-** विभागीय त्रिभुवन आर्मी क्लबका शीर्ष वरीयताका रत्नजित तामाङ र विश्व जुनियरको तेस्रो वरीयतामा रहेका आयोजक रिभाइभ लिजर पार्कका प्रिन्स दाहालसँगै आर्मीकै प्रफुल महर्जन प्रथम रिभाईभ लिजर पार्क खुल्ला राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिप अन्तरगत पुरुष एकको प्रि-क्वाटरफाइनलमा प्रवेश गरेका छन्।

ललितपुर हालक्ष्मीस्थानस्थित रिभाईव लिजर पार्कको कोर्टमा आइतबार भएको राउन्ड अफ ३२ को खेलमा वाइ पाएर दोस्रो चरणमा खेलेका रत्नजित तामाङले आर्मीकै आयुष्मान नागरीलाई २१-९ र २१-८ सोझो सेटमा पराजित गर्दै अन्तिम १६ मा स्थान पक्का गरेको हो। यस्तै आयोजक लिजर पार्कका प्रिन्स दाहालले कपिलवस्तु ब्याडमिन्टन क्लबका रोहित बरालमाथि २१-६ र २१-७ को सोझो सेटमा पराजित गर्दै प्रि-क्वाटरफाइनलमा स्थान सुरक्षित गरे।

आर्मीकै पविन लिङ्थेप र प्रफुल महर्जनले पनि अन्तिम १६ मा स्थान बनाएका छन्। पविनले नेपाल एपिफ क्लबका पेम्वा शेर्पालाई २१-१७ र २१-१४ तथा प्रफुलले विर्ता ब्याडमिन्टन क्लबका नविन सिलवाललाई २१-१० र २१-८ ले हराए।

एपिएफका सुमन लिम्बुले देवीनगर ब्याडमिन्टन क्लबका एडिस कार्कीलाई २१-१५ र २१-११ ले हराए। यस्तै लोकान्तरका सुदिप सेढाईले चितवनका राजु थापामाथि २१-१७ र २१-१२ को सहज जित निकाले।

काठमाडौं ब्याडमिन्टन एकेडेमीका दिपन गायकले आफ्नै एकेडेमीका बविस थापालाई १३-२१, २१-१६ र २३-२१ ले पराजित गर्दै अन्तिम १६ मा स्थान बनाउन सफल भए। पुलिसका पुर्ण बहादुर थापाले भक्तपुर ब्याडमिन्टन एसोसिएसनका विवेक भट्टराईलाई २१-९ र २१-१२ ले हराए।

पाँचथरका एसिया जवेगुले आर्मीका विवेक चौधरीलाई २१-११ र २१-१५ को सेटमा पाखा लगाए। साइनो स्पोर्ट्सका सुजन थापाले कैलाली ब्याडमिन्टन क्लबका चक्र साउदलाई २१-१६ र २१-१९ ले तथा एपिएफका प्रियान्सु सिंह क्षेत्रीले आफ्नै क्लबका निराजन देवकोटालाई २१-१३ र २१-१५ ले हराए। एपिएफका गौतम सिंह कठायतले पीएफसी ब्याडमिन्टन क्लबका अभिनास कार्कीलाई २१-१२ र २१-१४ ले हराए। सेनाका गोकुल जोराले काठमाडौं ब्याडमिन्टन एकेडेमीका स्वयम मानन्धरलाई २१-१२, १७-२१ र २१-१५ ले तथा एपिएफका साजन कृष्ण ताम्रकारले कपिलवस्तुका अभय महरामाथि २१-११ र २१-११ को सोझो सेटमा हराउँदै अन्तिम १६ मा स्थान पक्का गरे।

आर्मीका रुकेश महर्जनले नेपाल पुलिस क्लबका जीवन आचार्यबाट तथा भोज बहादुर गुरुङले एपिएफका विजित थापामगरबाट वाकओभर पाए। पुरुष युगलतर्फ पनि प्रि-क्वाटर फाइनल समिकरण पुरा भएको छ। पुरुष युगलमा आर्मीका पविन लिङ्थेप र सुरोज महर्जन, कपिलवस्तुका रोहित बराल र अभय महरा, साइनो स्पोर्ट्स क्लबका राम बानियाँ र सुजन थापा, पाँचथर र विर्ता बीसीका एसिया जवेगु र नविन सिलवाल, एपिएफका प्रियान्सु सिंह क्षेत्री र पेम्वा शेर्पा, बीबीसीका विश्वास रिमाल र गणेश रायमाझीको जोडीले प्रि-क्वाटरफाइनलमा स्थान बनाए।

यस्तै चन्द्रागिरी ब्याडमिन्टन क्लबका रामसिंह चौधरी र राज कुमार पोखरेल, बालकुमारी रिमिक्स ब्याडमिन्टन क्लबका ससिन डंगोल र सुमित महर्जन, कैलाली ब्याडमिन्टन क्लबका दितिक न्यौपाने र चक्र साउद, कास्कीका विधान अधिकारी र विशाल खड्का, सेती पुरीका नन्दु लिम्बु र तुल्सी पुरी, पीएससी ब्याडमिन्टन क्लबका अभिनास कार्की र रामहाङ राई र मनकामना स्पोर्ट्स क्लबका बी बस्नेत र पी सिंह ठकुरीले आ-आफ्नो प्रतिद्वन्द्धीलाई पाखा लगाउँदै अन्तिम १६ मा स्थान सुरक्षित गरे।

यस्तै ४५ वर्षमाथिको भेटरान्स डबल्सको प्रि-क्वाटरफाइनल समिकरण पुरा भएको छ। च्याम्पियनसिपमा पुरुष एकल, महिला एकल, शीर्ष २० देखि बाहेकका पुरुष युगल र ४० बर्ष माथिको भेट्रान्स युगल गरि ४ विधामा खुल्ला प्रतिस्पर्धा हुने छ।

करिव १७ लाख अनुमानित बजेट रहेको च्याम्पियनसिपमा विजयी खेलाडी तथा टिमलाई नगद पुरस्कार सहित ट्रफी, मेडल र प्रमाण पत्र प्रदान गरिने छ। पुरुष एकल र महिला एकलका विजयी शिर्ष तीनले नगद ५० हजार, २५ हजार र १० हजार प्राप्त गर्ने छन्। यस्तै पुरुष युगल तर्फ शीर्ष तीन स्थान प्राप्त जोडीले नगद ५० हजार, २५ हजार र १० हजार तथा ४५ बर्ष माथिको भेट्रान्स युगलतर्फ शीर्ष तीन जोडीले नगद २५ हजार, १५ हजार र ५ हजार प्राप्त गने छन्। च्याम्पियनसिप ५ असोजसम्म चल्नेछ।

# तनहुँ सेवा समाज यूएईलाई उपाधि



**सुरेन भुजेल/मध्यान्ह**
यूएई, ३ असोज

'मनोरञ्जनका लागि खेल स्वास्थ्यका लागि खेल' भन्ने नाराका साथ बरदुबई भलिबल क्लब र नवलपुर समाजले आयोजना गरेको अन्तरजिल्ला भलिबल प्रतियोगिताको उपाधि तनहुँ सेवा समाज यूएईले जितेको छ।

शनिबार भएको फाइनलमा स्याङ्जलाई पराजित गर्दै तनहुँले उपाधि जितेको हो। प्रतियोगितामा १४ टिमको सहभागिता रहेको थियो।

अन्तर जिल्लास्तरीय प्रतियोगिता भए पनि आयोजक र खेलाडीहरुबीच आपसी समझदारीमा अन्य जिल्लाका खेलाडीहरु पनि टिममा सामेल गरिएको थियो। प्रतियोगिताको उपाधि जित्ने तनहुँ सेवा समाजले १५ सय दिराम, ट्रफी, मेडल र सिल्ड प्राप्त गर्दा दोस्रो भएको स्याङ्जाले १ हजार दिराम, ट्रफी र मेडलमा चित्त बुझायो। राजु तिमिल्सिनाको प्रमुख आतिथ्यतामा सम्पन कार्यक्रम संयोजक आशिष कुंवरले सञ्चालन गरेका थिए।

विधागततर्फ सबै उत्कृष्ट खेलाडीहरु तनहुँ सेवा समाजका रहेका छन्। मिलन चन्द ठकुरी, उत्कृष्ट लिफ्टर घनश्याम गुरुङ (गन्नु) र उत्कृष्ट स्पाइकरमा निर्मल शाही ठकुरी उत्कृष्ट खेलाडी बन्न सफल भए।

तनहुँ सेवा समाजको कप्तानी भरत थापाले गरेका थिए भने अन्य खेलाडीहरुमा मिलन चन्द ठकुरी, निर्मल शाही ठकुरी, शिब श्रेष्ठ, घनश्याम गुरुङ (गन्नु) भुपेन (काजी)क्षेत्री, बिसन घर्ती र बिरेन्द्र ठकुरी थिए। टिम प्रशिक्षकमा देब शाही ठकुरी रहेका थिए भने टिम म्यानेजरको भूमिकामा तनहुँ सेवा समाज खेलकुद विभाग प्रमुख राजु तिमिल्सिना रहेका थिए। प्रतियोगितामा टिम कोर्डिनेटरहरुको भूमिका अपिल भट्टराईको रहेको थियो भने राजु श्रेष्ठ, खड्क भुजेल लगयतको उपस्थिति रहेको थियो।

# मैत्रीपूर्ण फुटबल प्रतियोगितामा वडा कर्मचारी प्रथम

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, ३ असोज

संविधान दिवसको अवसरमा आयोजित पाँचपोखरी थाङपाल गाँउपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता सम्पन्न भएको छ। खेलकुद विकास समितिद्वारा जिल्लाको पाँचपोखरी थाङपाल गाउँपालिकामा आयोजित प्रतियोगितामा वडा कर्मचारी टिम तीन खेलमा विजयी हुँदै ९ अंकसहित प्रथम हुन सफल भएको छ।



त्यस्तै पालिका जनप्रतिनीधि दुई खेलमा विजयी हुँदै ६अकंसहित दोस्रो र पालिका कर्मचारी टिम एक खेलमा विजयी भई ३ अंकसहित तेस्रो भएको गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष टासी शेर्पाले मध्यान्हलाई जानकारी दिए।

समापन खेलमा जनप्रतिनीधि टिमले वडा कर्मचारी टिमलाई ४-० गोल अन्तरले पराजित गरेको थियो। गाँउपालिका अध्यक्ष टासी लामा पनि सहभागी भई खेलमा २ गोल गरे। नाइन ए साईड अनुसार खेलाइएको प्रतियोगिताको पाँचपोखरी थाङपाल गाउँपालिकाका उपाध्यक्ष सुनिता अधिकारीले शनिबार उद्घाटन गरेकी थिइन्।

# भुपेन्द्र खुला छनोटमा पहिलो

**काठमाडौं, मस-** नेपाल प्रहरीका भुपेन्द्र थापा मगर आइबा पुरुष विश्व बक्सिङ च्याम्पियनसिपका लागि सञ्चालित खुला छनोट प्रतियोगिताको ६३ केजीमा आइतबार पहिलो भएका छन्।




नेपाल बक्सिङ संघद्वारा आयोजित प्रतियोगिताको फाइनलमा १३ औं दक्षिण एसियाली खेलकुद (साग) का स्वर्ण विजेता भुपेन्द्रले भीपीपीकेआरका पवन गुरुङलाई पराजित गरे।

सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा जारी प्रतियोगिताको ५१ केजीमा एचटुओका रविन थापा पहिलो भए। उनले फाइनलमा एपीएफका प्रदीप महर्जनलाई हराए।

५७ केजीको फाइनलमा एपीएफका पूरन राईले बक्समान्डुका सरोज महर्जनलाई पन्छ्याउदै शीर्ष स्थान हात पारे। ७१ केजीमा एपीएफका विकास लामा पहिलो भए। उनले फाइनलमा नेपाल आर्मीका दीपेश लामाको चुनौती पन्छाए।

पाँच स्पर्धा समावेश छनोट प्रतियोगिताको अन्तिम दिन सोमबार ललितपुरका सनिल शाही र बक्समान्डुका दावा छिरिङ लामाबीच ६७ केजीको फाइनल प्रतिस्पर्धा हुने छ। सेमिफाइनलमा १३ औं सागका स्वर्णधारी सनिलले भाइबका विकास राना मगर तथा दावाले एपीएफका सुमन कार्कीलाई पाखा लगाए।

# आर्सनल नेपालको वार्षिक साधारणसभा सम्पन्न

**काठमाडौं, मस-** इंग्लिस प्रिमियर लिग (इपिएल)को चर्चित क्लब आर्सनलको नेपालमा रहेका समर्थकहरुको समूह आर्सनल नेपालको वार्षिक साधारण सभा सम्पन्न भएको छ। आर्सनल नेपालले वेलायतस्थित क्लबबाट मान्यता पाएको आधिकारिक समर्थक समूह हो।




गत २७ साउनमा स्थापनाको १२औं वार्षिकोत्सवका अवसरमा 'आर्सनल डे' मनाएको आर्सनल नेपाल नेपालको सबैभन्दा धेरै सदस्य भएको तथा सबैभन्दा पुराना समर्थक समूहमध्येको एक हो।

साधारणसभा कार्यक्रममा आर्सनल नेपालले आफ्ना आधिकारिक सदस्यहरुलाई मायाको चिनो स्वरुप नेपाल एवं आर्सनल झल्काउने टिसर्ट तथा क्याप वितरण गरेको थियो। साधारण सभामा चर्चित लोकगायक बद्री पंगेनीले प्रमुख आतिथ्यता गरेका थिए। खेलकुदमा सक्रिय रहेका तथा फुटबलमा निकै रुची राख्ने गायक पंगेनी लामो समयदेखि आर्सनलका फ्यान हुन्।

कार्यक्रममा उनलाई आर्सनल नेपालको मानार्थ सदस्यता पनि दिइएको थियो। सो अवसरमा अध्यक्ष नवीन चित्रकारले पंगेनीलाई आधिकारिक सदस्यता कार्डका साथै आर्सनल नेपालको आधिकारिक 'मर्चेन्डाइज' प्रदान गरेका थिए।

आर्सनल नेपालका अध्यक्ष नवीन चित्रकारले १२ वर्षको यात्रामा साथ र सहयोग गर्ने सबै प्रति आभार प्रकट गर्दै आधिकारिक सदस्यता लिएका सबैलाई धन्यवाद तथा शुभकामना दिएका थिए। अध्यक्ष चित्रकारका अनुसार ४ हजारको हाराहारीमा साधारण सदस्य रहेको आर्सनल नेपालमा यसपटक ७०० जनाले आधिकारिक सदस्यता लिएका छन्।

कार्यक्रममा आर्सनल नेपालका सचिव सबिन श्रेष्ठले स्वागत मन्तव्य राख्ने क्रममा आर्सनल तथा आर्सनल नेपालप्रति सद्भाव राख्ने सबैलाई धन्यवाद पनि दिएका थिए। यस्तै, उपाध्यक्ष निरोज खतिवडाले आर्सनल नेपालका गतिविधिहरुका बारेमा बताउँदै आगामी कार्यक्रमका विषयमा जानकारी दिए।

साधारण सभाले आर्सनल नेपालको नयाँ सञ्चालक समिति पनि निर्विरोध चयन गरेको छ। नयाँ सञ्चालक समितिको अध्यक्षमा नवीन चित्रकार, उपाध्यक्षमा निरोज खतिवडा, सचिवमा सबिन श्रेष्ठ तथा कोषाध्यक्षमा इन्जल भट्टराई रहेका छन्। यस्तै, सदस्यमा निरज कटवाल, राकेश सापकोटा, सन्तोष पोखरेल, तोरणप्रसाद पण्डित, एलिना शाह ठकुरी र सरिता खड्गी निर्विरोध चयन भएका हुन्।

गठन लगत्तै बसेको नयाँ सञ्चालक समितिको पहिलो बैठकले आर्सनल नेपाललाई नयाँ कार्यदिशा प्रदान गर्ने निर्णय गरेको छ। विगतमा काठमाडौं र मोफसलको पोखरामा मात्र सिमित रहेको आर्सनल नेपालले आगामी दिनमा आफ्ना गतिविधिलाई अन्यत्र पनि विस्तार गरिने सञ्चालक समितिले जानकारी दिएको छ।



छरुवा प्रविधिबाट लगाइएको धान

बेलौरी नगरपालिकाको हातीबोझाका किसान असारे बडायकले छरुवा प्रविधिबाट खेतमा लगाएको धान पाक्दै ।

*-तस्विर : राजेन्द्रप्रसाद पनेरु/रासस*

## वित्तीय प्रणालीमा तरलता दबाब

# बैंकहरुले दिए मुद्दति निक्षेपमा दोहोरो अंकको ब्याजदर

**सिबी भट्टराई/मध्यान्ह**
काठमाडौं, ३ असोज

बैंक तथा वित्तीय संस्थामा तरलता अभाव देखिएको छ। बैंकहरुले उच्च ब्याजदर सार्वजनिक गर्नुले पनि वित्तीय प्रणाली दबाबमा छ भन्ने प्रष्ट हुन्छ । बैंकहरुले ब्याजदर बढाउँदै थप निक्षेप आकर्षित गर्न र आफुसँग रहेको पुरानो निक्षेपलाई जोगाउन पनि दोहोरो अंकको ब्याजदर सार्वजनिक गरेका छन् । बैंकहरुले नयाँ ब्याजदर असोज एक गतेदेखि लागू गरिसकेका छन् ।

कतिपय बैंकहरुले सार्वजनिक गरेको मुद्दति निक्षेपको ब्याजदर १० प्रतिशत भन्दा बढी छ । सनराइज बैंकले मुद्दति निक्षेपमा सबैभन्दा बढी १०.०७ प्रतिशत सम्म ब्याजदर तोकेको छ । सबैभन्दा कम ब्याज दिनेमा स्टाण्डर्ड चार्टर्ड बैंक रेहको छ । यो बैंकको मुद्दति निक्षेपको अधिकतम ब्याजदर ७.५ प्रतिशत रहेको छ ।

प्राइम बैंकले ९.७५ प्रतिशत र मेगा बैंकको ९.५५ प्रतिशत ब्याज दिने भएका छन् । मुद्दति निक्षेपमा नौ प्रतिशत भन्दा बढी ब्याज दिने बैंकहरुमा एनएमबी बैंक, ग्लोबल आईएमई बैंक, सानिमा बैंक, नबिल बैंक, एनसिसि बैंक, सेञ्चुरी कमर्सियल बैंक, हिमालयन बैंक, सिदार्थ बैंक, नेपाल इन्भेष्टमेन्ट बैंक र लक्ष्मी बैंक रहेका छन् ।

बैंकिङ प्रणालीमा लगानीयोग्य रकम अभाव देखिदै गएको अवस्थामा आफ्नो बैंकमा रहेको निक्षेप बाहिर नजाओस भन्ने उद्देश्यले ब्याजदर बढाउनु पर्ने अवस्था आएको बैंकर्सहरुको भनाई छ । मुद्दति निक्षेपमा उच्च ब्याजदर निर्धारण गरेका बैंकहरुले साधारण निक्षेपको ब्याजमा भने खासै बृद्धि गरेका छैनन । साधारण निक्षेपमा न्यूनतम ४.२६ प्रतिशत देखि ६.२६ प्रतिशत सम्म दिनेगरी ब्याजदर सार्वजनिक गरेका छन् ।



पछिल्लो समय बैंकमा तरलता अभाव देखिएसँगै बैंकहरुले अन्तरबैंक सापटी पनि पाउन छाडेका छन् । जसले गर्दा अन्तरबैंक ब्याजदर पनि झण्डै ५ प्रतिशत पुगेको छ । बैंकहरुले नेपाल राष्ट्र बैंकको स्थायी तरलता सुविधा (एसएलएफ) र रिपो जस्ता उपकरणको प्रयोग गरी तरलता व्यवस्थापन गर्नु परिरहेको छ ।

'क' वर्गका वाणिज्य बैंकहरुले नै दोहोरो अंकको नजिक रहेर ब्याजदर सार्वजनिक गर्दा 'ख' वर्गका विकास बैंक र 'ग' वर्गका वित्त कम्पनीमा रहेको निक्षेप पलायन हुने जोखिम देखिएको छ । वाणिज्य बैंकहरुले उच्चतम ब्याज दिँदा आफ्नो निक्षेप पलायन हुने चिन्ता विकास बैंक र वित्त कम्पनीहरुको छ ।

निक्षेप जोगाउनकै लागि विकास बैंक र वित्त कम्पनीहरुले पनि ब्याजदर बढाउनुपर्ने स्थिति आएमा ब्याजदर विगतमा जस्तै १६ प्रतिशत सम्म पुग्न सक्ने देखिन्छ । विकास बैंकर्सहरु पनि वाणिज्य बैंकहरुले ब्याजदर बढाउँदै लगेमा आगामी दिनको अवस्था मुल्याङ्कन गरेर वृद्धि गर्ने बताउँछन् ।

अहिले पनि केही विकास बैंकहरुले आफ्नो ब्याजदर बढाइसकेका छन् । गरिमा विकास बैंकले मुद्दति निक्षेपमा ९.५ प्रतिशत, मुक्तिनाथ विकास बैंकले ९.५ प्रतिशत र महालक्ष्मी विकास बैंकले ९.३ प्रतिशत ब्याज दिने घोषणा गरिसकेका छन् ।

# संविधान दिवसमा उद्योगी व्यवसायीलाई पदक

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असोज

सरकारले व्यवसाय र वित्त क्षेत्रका झण्डै दुई दर्जन व्यक्तिहरूलाई सम्मान पदक प्रदान गर्ने भएको छ । संविधान दिवसको अवसरमा सरकारले ती व्यवसायीहरूलाई सम्मान गर्न लागेको हो ।

सम्मान पाउनेमा गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष डा.उपेन्द्र महतो, प्रभु समूहका अध्यक्ष उद्यमी देवीप्रसाद भट्टचनलगायत छन् । सरकारले संविधान दिवसको अवसरमा ९०३ जनालाई विभिन्न विभूषण, अलङ्का र पदक प्रदान गर्ने निर्णय गरेको थियो ।



### कुन व्यवसायीले कुन पदक पाए ?

गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष डा.उपेन्द्र महतो, प्रभु समूहका अध्यक्ष उद्यमी देवीप्रसाद भट्टचन, नेपाल चेम्बर अफ कमर्शका पूर्वअध्यक्ष सुरेन्द्रवीर मालाकार, मारवाडी सेवा समितिका अध्यक्ष कैलाशचन्द्र गोयल, सञ्चार उद्यमी कैलाश सिरोहिया र रामेश्वर थापाले सुकीर्तिमय राष्ट्रदीप बाट सम्मान पाउने भएका छन् ।

पञ्चकन्या समूहका निर्देशक ध्रुवकुमार श्रेष्ठ, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छा, नेपाली परिकारलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने सन्तोष साह, खेतान समूहका राजेन्द्रकुमार खेतान, नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवाल, शारडा समूहका शिवरतन शारडा, शंकर समूहका प्रबन्ध निर्देशक साहिल अग्रवाल, नेपाल रिपब्लिक मिडियाका प्रबन्ध निर्देशक विनोदराज ज्ञवाली सुप्रबल जनसेवाश्री पदकबाट सम्मानित हुने भएका छन् ।

शर्मा एण्ड शर्मा कम्पनीका रमेश शर्मा, व्यवसायी मोतीलाल दुगड, सञ्जयकुमार खेतान, न्यौपाने समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, पर्यटन व्यवसायी राजु ढकाल, नेपाल ग्यासका कार्यकारी निर्देशक गोकुल भण्डारी, व्यवसायी अर्जुनमान सैंजु, व्यवसायी गोविन्द गोयन्का, नारायण अग्रवाल, कुञ्ज अग्रवाल, नबिल बैंकका अध्यक्ष उपेन्द्रप्रसाद पौडेल, बैंकर रबिना देशराज जोशी, बीमा व्यवसायी सुनिल बल्लभ पन्त र दीपप्रकाश पाण्डे, सेयर लगानीकर्ता/व्यवसायी अम्बिकाप्रसाद पौडेल, लेखापरीक्षण व्यवसायी नारायण बजाज, पर्यटन व्यवसायी चिन्तामणि न्यौपाने, निर्माण व्यवसायी होमनाथ कोइराला, युवा व्यवसायी सौरभ दुगड, व्यवसायी देवकिसन मून्दडा, कृष्णप्रसाद शर्माले प्रबल जनसेवाश्री पुरस्का पाउने भएका छन् ।

राधेश्याम हलुवाई, आइडिया स्टुडियो, साना व्यवसायी सागर थापा, बैंकर दीलप्रसाद भट्ट, कृषि व्यवसायी अमरबहादुर बानियाँ, व्यवसायी कमलकिशोर मालपानी र राजेन्द्र मल्लले जनसेवाश्री पदक पाउने भएका छन् ।

## कुलमान भन्छन्–

# प्रसारण लाइनको अभावमा विद्युत खेर गइरहेको छ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असोज

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्रसारण लाइनको अभावमा विद्युत खेर गइरहेको बताएका छन् । हेटौंडा-भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइन आयोजनाको निरीक्षणका क्रममा उनले प्रसारण लाइन नभएकै कारण विद्युत खपत बढाउन नसकेको बताए । "उद्योगीले बत्ती नपाउने, अर्कोतिर खेर जाने भएको छ, यसैले खपत बढाउन प्रसारण लाइन चाँडै बनाउन आवश्यक छ" उनले भने, "हामीले यसका लागि पहल गरिरहेका छौं, राज्यका सबै संयन्त्रले सहयोग गर्नुपर्‍यो ।"



निर्देशक घिसिङले प्रसारण लाइन निर्माणको क्रममा विभिन्न अवरोध हुँदा कामले प्रगति हासिल गर्न नसकेको भन्दै सबैको सहयोग आवश्यक रहेको बताए । प्रसारण लाइनका कारण दैनिक विद्युत खेर गएको तर पाउनुपर्ने उद्योगीले नपाएको उनको भनाइ छ । चितवनको भरपुरबाट पश्चिम १३२ केभीको सिङ्गल सर्किटबाट ९० मेघावाट मात्रै विद्युत पठाउन सकिएको भन्दै निर्माणधीन २२० केभी प्रसारण लाइन सम्पन्न भए करिब पाँच सय मेघावाट विद्युत बुटवलसम्म पुऱ्याउन सकिने उनको भनाइ छ । नवलपुर, परासी, बुटवल क्षेत्रमा उद्योगले विद्युत धेरै माग गरिरहेको तर प्रसारण लाइनको अभावका कारण समस्या भएको उनले बताए । निर्देशक घिसिङले बुटवलसहित भैरहवा र नेपालगञ्जसम्म विद्युत लोड बढाउन आफूहरु लागि परेको बताउँदै यसका लागि हेटौँडा-भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइन चाँडै सम्पन्न गर्नुपर्ने अवस्था रहेको जानकारी दिए ।

तामाकोशी परियोजनाबाट अहिले चार सय छपन्न मेगावाट उत्पादन भइरहेको तर ट्रान्समिसन लाइन नहुँदा भरतपुरदेखि पश्चिम जान नसकेको जानकारी दिदैं उनले विद्युतको खपत बढाउन विद्युतीय सवारी प्रयोगलाई बढाउँदै जानुपर्नेमा जोड दिए । निर्देशक घिसिङले पेट्रोलभन्दा धेरै सस्तोसमेत पर्ने भएकाले यसको प्रयोग बढाउन देशका विभिन्न स्थानमा चार्जिङ स्टेशन निर्माण गर्न लागिएको बताउँदै ठाउँ उपलब्ध गराए नवलपरासी पूर्व नवलपुर क्षेत्रमा समेत चार्जिङ स्टेशन निर्माण गर्न सकिने उल्लेख गरे ।

**SHIVASATAKSHI MUNICIPALITY**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
**BYANGDADA, JHAPA**
**PROVINCE NO.1, JHAPA**

**INVITATION FOR ONLINE BIDS**

**Date of Publication : 2078/06/04 (20-sep-2021)**
**Last Date of Bid Submission: 2078/07/03(20-oct-2021)**

1. Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the procurement of following procurement under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract ID NO | Name of Procurement | Estimated Amount Without VAT | Bid Security NRs | Document Fee NRs. |
|---|---|---|---|---|
| SM/NCB/03/ 2078/079 | Procurement of Medicine and Surgical Items | 59,28,722.2 | 1,78,500 | 3,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be download from the PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank: Mega Bank Nepal LTD , Birtamod branch**
**Name of Office: Shivasatakshi Municipality**
**Office Account no.: 3140010000128**
4. Pre-bid meeting shall not be conducted
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 2078/07/03 (20-oct-2021) Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 ,2078/07/03(20-0ct-2021). at the office of Shivasatakshi Municipality , province No. 1, Jhapa . Bids must be valid for a period of 90 after bid opening and must be accompanied by a bid security amount as stated above deposited at Dharauti account No. 3140010000161 on behalf of of Shivasatakshi Municipality at Mega Bank Nepal LTD , Birtamod branch or bid bond authorized from a recognized "A" class commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. A scanned copy of the bid security in .pdf format, amounting to a minimum as mentioned above shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**